# माध्यमिक तह (कक्षा १०) तथा उच्च माध्यमिक तह (कक्षा ११) का अनिवार्य नेपाली भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन

अनिरुद्र धमला

नेपाली शिक्षा विभाग

हेटौडा क्याम्पस,मकवानपुर

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको पाठ्यांश नेपा.शि.५९८ को प्रयोजनका लागि प्रस्तुत

**शोधपत्र**

**२०६६/२०१०**

**नेपाली शिक्षा विभाग**

**हेटौडा क्याम्पस,मकवानपुर**

## निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, हेटौडा क्याम्पसका छात्र श्री अनिरुद्र धमलाले "**माध्यमिक तह (कक्षा १०) तथा उच्च माध्यमिक तह (कक्षा ११) का अनिवार्य नेपाली भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन**" शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रमपूर्वक तयार गरिएको उहाँको यो अध्ययन र प्रस्तुति सम्बन्धित प्रयोजनका लागि उपयुक्त भएकोले त्यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.................................

मितिः २०६६।११।०५

उप प्रा. दीपकप्रसाद बराल

शोध-निर्देशक

नेपाली शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय,

हेटौडा क्याम्पस,मकवानपुर

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङकाय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर (एम.एड.) तह दोस्रो वर्षको आठौं पत्र (नेपाः शिः ५९८) को निमित्त श्री अनिरुद्र धमलाद्वारा तयार गरिएको प्रस्तुत शोधपत्र नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| क.सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा.डा.पारसमणि भण्डारी (बा्‌य परीक्षक/विशेषज्ञ) | ...................... |
| २. | उप-प्राध्यापक श्री दीपक बराल (शोध निर्देशक) | ...................... |
| ३. | उप-प्राध्यापक श्री खिलप्रसाद बराल (विशेषज्ञ) | ...................... |

मिति : २०६६।११।२१

# कृतज्ञताज्ञापन

अनुसन्धान कार्य सोचेजस्तो सहज हुँदो रहेनछ । फेरि, एउटा अति व्यस्त कर्मचारीको भूमिकासँगै सफल विद्यार्थी बन्न खोज्नु पनि चुनौतिपूर्ण हुनेरहेछ । हेटौंडाको पढाइ, नेपालगन्जको जागिर, अध्ययन सामग्रीको अभाव, असीमित व्यक्तिगत र पारिवारिक समस्या र तनाव, समयको अभाव, यस्तैयस्तै अनगिन्ती अवरोध र चुनौतिहरूका बीच गरिएको यो कार्यले म आफैँलाई पनि धेरै सन्तुष्टि दिन सकेन । प्राथमिक स्रोतका आधारमा एउटा जीवन्त अनुसन्धान गर्ने रूचि थियो । आफ्नो परिश्रम र पसिनाले आर्जन गरिएको सम्पत्तिले बेग्लै आनन्द दिन्थ्यो । तर कार्यालयबाट समय निकाल्न नसक्ने बाध्यताले द्वितीय स्रोतका आधारमा कोठामै बसेर शोधपत्र तयार गर्न सकिने विषयको शीर्षक छनोट गरियो । यद्यपि, माध्यमिक तथा उच्च माध्यमिक तहको भाषा पाठ्यक्रमका सम्बन्धमा त्यत्ति धेरै अध्ययन अनुसन्धान हुन नसकेको परिप्रेक्ष्यमा **"माध्यमिक तह (कक्षा-१०) तथा उच्च माध्यमिक तह (कक्षा-११) का अनिवार्य नेपाली भाषा-पाठ्यक्रमको तुलनात्मक अध्ययन"** शीर्षकको यस शोधपत्रले उक्त पाठ्यक्रममा रहेका सबल पक्षहरूलाई निरन्तरता दिँदै आगामी दिनमा पाठ्यक्रममा थप सुधार गर्ने कार्यमा थोरै भए पनि मद्दत गर्नेछ भन्ने अपेक्षा गरेको छु ।

उच्च माध्यमिक शिक्षा परिषद्को हेटौंडास्थित कार्यालयमा कार्यरत रहँदा नेपाली विषयमा एम.एड. गर्ने रहर जाग्यो र हेटौंडा क्याम्पसमा एम.एड. मा भर्ना भएँ । तर, प्रथम वर्षको परीक्षाकै समयमा मेरो नेपालगन्ज सरूवा भयो । जसोतसो परीक्षा सकेर कार्यक्षेत्रतर्फ लागेँ । नेपाली विषयमा एम.एड. गर्ने मेरो धोको पूरा नहुने भयो भन्ने लागेको थियो । दोस्रो वर्षको परीक्षा नदिने मनस्थिति बनाएर पाठ्यपुस्तक पनि किनेको थिइनँ तर प्रथम वर्षको नतिजा राम्रै आएपछि मेरा आदरणीय गुरूहरू एवं साथीहरूको टेलिफोन प्रेरणापछि मलाई थप ऊर्जा प्राप्त भयो । समस्या र चुनौती सबैका अगाडि आउँछन्, त्यसबाट भाग्नेहरू गन्तव्यमा पुग्न सक्दैनन् । जसले चुनौती र समस्याका पर्खालहरूलाई भत्काउँदै अगाडि बढ्ने साहस गर्छ त्यसले मात्र लक्ष्य प्राप्त गर्न सक्छ भन्ने ठानेर दोस्रो वर्षको परीक्षा पनि दिने मनस्थितिमा फर्किएँ । मलाई अदम्य साहस र प्रेरणा प्रदान गर्ने हेटौंडा क्याम्पसका सम्पूर्ण साथीहरूप्रति म सधैंसधैं कृतज्ञ रहनेछु ।

हाम्रो शिक्षण अभ्यास तथा अनुसन्धान अभिमुखीकरणका लागि आफ्नो अमूल्य समय दिएर नेपाली केन्द्रिय विभाग कीर्तिपुरबाट हेटौंडा क्याम्पससम्म आई हामीलाई मार्गदर्शन गर्नुहुने आदरणीय गुरू प्रा. केशव सुवेदी तथा शोधपत्र लेखनको क्रममा फोनबाट समेत पटकपटक मार्गदर्शन गर्नुहुने र मेरो लागि नेपालगन्जसम्म अध्ययन सामग्री पढाएर सहोग गर्नुहुने आदरणीय गुरु. डा. पारसमणि भण्डारीज्यूले लगाउनु भएको गुन म कहिल्यै बिर्सने छैन ।

मलाई असल र मिहिनेती विद्यार्थीको संज्ञा दिँदै निरन्तर अध्ययनमा प्रेरणा दिनुहेने हेटौंडा क्याम्पसका मार्गदर्शक एवं आदरणीय गुरूहरू बासु सुवेद्धी, यादव भण्डारी, निमेष निखिल, केदार लुइँटेल, दीपक बराल, जयराम गौतम, विष्णुप्रसाद गौतम, गोविन्द चौलागाईं, बद्री भट्टराई, बोधराज भुर्तेल लगायतका सम्पूर्ण गुरूहरूप्रति म आजीवन ऋणी नै रहनेछु । साथै, मेरो शोधपत्रको कम्प्युटर टङ्कण गरी सहयोग पु¥याउने मित्र अजित दवाडी, बहिनी लक्ष्मी सिवाकोटी तथा ‘**कम्पिलिट डेस्कटप कम्प्युटर सेन्टर’** का मनबहादुर रानाभाटलाई पनि धन्यवाद दिन चाहन्छु ।

मेरो जन्मस्थल ओखलढुङ्गा भए पनि मकवानपुर जिल्लामा धेरै आफन्तहरू हुनुहुन्छ । मलाई माया र हौसला दिएर अध्ययन कार्यमा निरन्तर लाग्न प्रेरित गर्ने मकवानपुर हटिया बस्ने मेरा आदरणीय काकाकाकीहरू, दाजुभाउजुहरू, दिदीभिनाजु र भान्जाभान्जीहरू लगायत सम्पूर्ण आफन्तजनहरूका साथै काठमाडौँमा रहेर पनि मेरो अभिभावकीय भूमिका निर्वाह गर्नुहुने र मेरो सधैंसधैं प्रगति चाहने तथा मलाई अध्यनमा प्रेरित गरिरहनु हुने आदरणीय दाजु जीवनाथ तथा भाइ चेतनाथप्रति पनि म सधैँ आभारी रहनेछु ।

“बाबा, म फर्स्ट भएँ, बाबा पनि फर्स्ट हुनुपर्छ नि, नत्र ............. ¤” विद्यालयका आन्तरिक परीक्षामा सधैँ प्रथम हुने कक्षा ३ मा अध्ययनरत मेरो सानो बाबु अविरल काठमाडौँबाट उसको परीक्षाको नतिजा सुनाउँदै बालशुलभ बोलीमा फोनबाट मलाई त्यसैगरी खबरदारी गरिरहन्थ्यो । म हर्षविभोर भएर आफ्नो कर्तव्य जिम्मेवारी र उसको भविष्यप्रति सचेत हुँदै अध्ययन कार्यमा लाग्न प्रेरित हुन्थेँ । मेरो सानो बाबु अविरललाई धेरैधेरै माया र आशीर्वाद दिन्छु ।

अन्त्यमा विभिन्न कठिनाइहरूका कारण सामग्री सङ्कलन तथा व्यवस्थापनमा तथा अन्य कतिपय कुरामा त्रुटि कमजोरी भएका हुन सक्छन् । ती कमीकमजोरीहरूलाई स्वीकार गर्दै यो शोधपत्र तयार गर्न प्रत्यक्ष एवं परोक्ष रूपमा सहयोग पु¥याउनु हुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरू तथा शुभेच्छुकहरूप्रति पुनः हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि नेपाली भाषाशिक्षा विभाग समक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

अनिरुद्र धमला

# विषयसूची


| क.सं. | शीर्षक | पृष्ठ सङ्ख्या |
| --- | --- | --- |
| **अध्याय एक : शोधपरिचय** | | **१-१२** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | शोधशीर्षक | १ |
| १.३. | शोधप्रयोजन | २ |
| १.४ | शोधपरिचय | २ |
| १.५ | समस्याकथन | ३ |
| १.६ | अध्ययनका उद्देश्यहरू | ४ |
| १.७ | पूर्वकार्यको समीक्षा | ४ |
| १.८ | अध्ययनको औचित्य र महत्व | १० |
| १.९ | अध्ययनको सीमा | ११ |
| १.१० | अध्ययन-विधि | १२ |
| १.११ | शोधपत्रको रूपरेखा | १२ |
| **अध्याय दुई : भाषा पाठ्यक्रमको सैद्धान्तिक परिचय, निर्माण सिद्धान्त र प्रक्रिया** | | **१३-३२** |
| **२.१** | **पाठ्यक्रमको परिचय** | **१३** |
| **२.२** | **पाठ्यक्रमका तत्वहरू** | **१४** |
| | २.२.१ उद्देश्य | १५ |
| | २.२.२ विषयवस्तु | १६ |
| | २.२.३ शिक्षण सिकाइ रणनीति | १६ |
| | २.२.४ मूल्याङ्कन | १६ |
| **२.३** | **पाठ्यक्रम लक्ष्यका स्रोतहरू** | **१७** |

२.३.१ सिकारू १७

२.३.२ समाज १७

२.३.३ विषय विशेषज्ञ १८

२.३.४. दर्शनशास्त्रीय समाजशास्त्रीय र आधार १८

**२.४ भाषा पाठ्यक्रमको परिचय १९**

**२.५ भाषा पाठ्यक्रमका स्तम्भहरू २१**

२.५.१ उद्देश्य २२

२.५.२ विषयवस्तु २२

२.५.३ शिक्षण-प्रक्रिया २३

२.५.४ शिक्षण सामग्री २३

२.५.५ मूल्याङ्कन प्रक्रिया २४

**२.६ भाषा पाठयक्रम निर्माणका सिद्धान्त २५**

२.६.१ व्यवहारवादी सिद्धान्त २५

२.६.२ मनोवादी सिद्धान्त २६

**२.७ भाषा पाठ्यक्रम निर्माणको प्रक्रिया २७**

२.७.१ आवश्यकताको विश्लेषण २८

२.७.२ लक्ष्य र उद्देश्यको निर्धारण २९

२.७.३ पाठ्यवस्तुको निर्धारण र प्रस्तुतीक्रम २९

२.७.४ शिक्षण-प्रक्रिया ३०

२.७.५ मूल्याङ्कन प्रक्रिया ३१

२.७.६ सारांश ३२

**अध्याय-तीन : माध्यमिक तथा उच्च माध्यमिक तहका अनिवार्य नेपाली ३३-५२**

भाषा पाठ्यक्रमको तुलना


३.१ उद्देश्यका आधारमा भाषा पाठ्यक्रमको तुलना ३३

३.१.१ माध्यमिक तह (कक्षा-१०) को अनिवार्य नेपाली भाषा पाठ्यक्रमका साधारण उद्देश्यहरू ३३

३.१.२. उच्च माध्यमिक तह (कक्षा-११) को अनिवार्य नेपाली भाषा पाठ्यक्रमका साधारण उद्देश्यहरू ३५

३.१.३ माध्यमिक तह (कक्षा-१०) को अनिवार्य नेपाली भाषा पाठ्यक्रमका विशिष्ट उद्देश्यहरू ३६

३.१.४ उच्च माध्यमिक तह (कक्षा-११) को अनिवार्य नेपाली भाषा पाठ्यक्रमका विशिष्ट उद्देश्यहरू ३८

३.२ विषयवस्तुको क्षेत्र र क्रमका आधारमा माध्यमिक तथा उच्च माध्यमिक तहका अनिवार्य नेपाली भाषा पाठ्यक्रमको तुलना ३९

३.३ शिक्षण सामग्रीका आधारमा माध्यमिक तथा उच्च माध्यमिक तहका भाषा पाठ्यक्रमको तुलना ४२

३.४ शिक्षण प्रक्रिया/विधिका आधारमा माध्यमिक तथा उच्च माध्यमिक तहका भाषा पाठ्यक्रमको तुलना ४४

३.५. मूल्याङ्कन प्रक्रियाका आधारमा माध्यमिक तथा उच्च माध्यमिक तहका भाषा पाठ्यक्रमको तुलना ४९

३.६. सारांश ५२

अध्याय-चार : निष्कर्ष र सुझावहरू

४.१ सबल पक्षहरू ५३

४.१.१ उद्देश्य ५३

४.१.२ विषयवस्तु ५४

४.१.३ शिक्षण क्रियाकलाप ५६

४.१.४ मूल्याङ्कन प्रक्रिया ५७

**४.२ दुर्बल पक्षहरू ५८**

४.२.१ उद्देश्य ५८

४.२.२ विषयवस्तु ५९

४.२.३ शिक्षण-प्रक्रिया ६१

४.२.४ मूल्याङ्कन प्रक्रिया ६२

**४.३ सुझावहरू ६३**

**४.४ शोधपत्रको शैक्षणिक प्रयोजन ६५**

**४.५ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू ६६**

**सन्दर्भग्रन्थ-सूची**

**परिशिष्ट “क” : माध्यमिक तह (कक्षा १०) को अनिवार्य नेपाली भाषा पाठ्यक्रम**

**परिशिष्ट “ख” : उच्च माध्यमिक तह (कक्षा ११) को अनिवार्य नेपाली भाषा पाठ्यक्रम**

# अध्याय- एक

# शोध परिचय

## १. पृष्ठभूमि

अनुसन्धान वा शोध, ज्ञान प्राप्त गर्ने, समस्या समाधान गर्ने र नयाँ तथ्य पत्ता लगाउने माध्यम हो । यो व्यवस्थित, वैज्ञानिक, प्रमाणिक, आधिकारिक र औपचारिक हुन्छ । यसले भाषिक, बौद्धिक, प्राज्ञिक आदि क्षेत्रमा आएका समस्याहरूको समाधान गर्न सघाउ पुऱ्याउँछ । यस्तै भाषिक अनुसन्धानले भाषा सम्बन्धी सम्पूर्ण समस्याको समाधान गर्न सघाउ पुऱ्याउँछ । त्यसैगरी भाषिक अनुसन्धानले भाषाको उत्पत्ति, विकास, भाषा परिवार र त्यसका शाखाहरू, भाषाको क्षेत्र, भाषाका कार्यहरू, भाषाले समाजमा पार्ने प्रभाव, भाषिक परिवर्तनका कारणहरूको विषयमा खोज अनुसन्धान गर्छ । भाषिक अनुसन्धान कार्य गर्नुभन्दा पहिले तयार पारिएको रूपरेखालाई अनुसन्धान वा शोध प्रस्ताव भनिन्छ । अनुसन्धान प्रस्तावमा विषयवस्तु, प्रक्रिया, उद्देश्य, सीमा, समय, महत्व आदि कुराहरू समावेश गरिएका हुन्छन् । अनुसन्धान प्रस्तावमा समावेश गरिने शीर्षक, परिचय, समस्याकथन, उद्देश्य, प्राक्कल्पना, अध्ययनका सीमाहरू, पूर्वकार्यको समीक्षा, अनुसन्धानको ढाँचा आदि विषयहरू नै यसका अङ्गहरू हुन् । उक्त अङ्गहरूको सङ्क्षिप्त चर्चा निम्नानुसार गरिएको छ :-

## २. शोधशीर्षक :

शोधशीर्षकको चयन अनुसन्धानको पहिलो कार्य हो । शोधशीर्षकले अनुसन्धानको स्पष्ट प्रतिबिम्ब उतार्ने हुँदा शोधर्शीषक चयनमा विशेष ध्यान दिनु जरुरी हुन्छ । मुख्यतः शीर्षक अनुसन्धानकर्ताको रुचि, क्षमता, योग्यता र ज्ञानको सीमाभित्रको हुनुपर्छ । शीर्षक छोटो,

स्पष्ट, समस्यामूलक, नयाँ, मौलिक, समाधानमुखी र सार्थक हुनुपर्छ । शीर्षक अनुसन्धानको प्रयोजन र व्यावहारिक दृष्टिले उपयोगी हुनुपर्छ । शीर्षक छनोट गर्दा पर्याप्त सामग्री, उपयुक्त निर्देशन र सल्लाहहरू उपलब्ध हुन सक्ने खालको हुनुपर्छ । साथै, शीर्षक सरल र मापनीय हुनुपर्छ । यस शोधपत्रमा उपर्युक्त कुराहरूलाई ख्याल गरेर नै शीर्षक छनोट गर्ने प्रयास गरिएको छ । यस शोधपत्रको शीर्षक **"माध्यमिक तथा उच्च माध्यमिक तह (कक्षा १० र ११) का अनिवार्य नेपाली भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन"** रहेको छ ।

## ३. शोधप्रयोजन :

शोध गर्नुका विभिन्न अभिप्राय हुन सक्छन् । ज्ञान प्राप्त गर्ने कुराको कुनै सीमा हुँदैन । त्यसैगरी ज्ञान प्राप्त गर्ने क्षेत्रहरू पनि अनेकौं हुन सक्छन् । शोध वा अनुसन्धान केका लागि गर्ने भन्ने कुरा शोध प्रयोजनसँग सम्बन्धित हुन्छ । ज्ञान प्राप्त गर्ने, समस्या समाधान गर्ने, नयाँ तथ्य पत्ता लगाउने उपाधि प्राप्त गर्ने आदि प्रयोजनका लागि शोधकार्य गरिन्छ । प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय, हेटौंडा क्याम्पस, नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको नेपाली शिक्षण ५९८ को पाठ्यांश पूरा गर्ने प्रयोजनका लागि प्रस्तुत गरिएको हो ।

## ४. शोधपरिचय :-

अनुसन्धान वा शोध ज्ञान प्राप्त गर्न, नयाँ तथ्य पत्ता लगाउन, समस्या समाधान गर्न, वा पुराना ज्ञानको पुनर्व्याख्या गर्नका लागि गरिने व्यवस्थित प्रयास हो । शोध परिचयमा अध्ययन गरिने विषयवस्तुको सामान्य परिचय, प्रयोजन, पृष्ठभूमि, परम्परा, उद्देश्य, अध्ययनको क्षेत्र समस्या समाधानका उपायहरू आदि विषयवस्तुको प्रस्तुतीकरण गरिन्छ ।

प्रस्तुत **"माध्यमिक तथा उच्च माध्यमिक तह (कक्षा १० र ११) का अनिवार्य नेपाली भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन"** शीर्षक शोधमा कक्षा १० र ११ को वर्तमान पाठ्यक्रमको तुलनात्मक अध्ययन गरिएको छ । यो शोध त्रि. वि. शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षणको ५९८ को पाठ्यांश पूरा गर्ने प्रयोजनार्थ प्रस्तुत गरिएको हो । यस शोधको अध्ययनको सीमा कक्षा १० र ११ को अनिवार्य नेपालीको पाठ्यक्रमको तुलना गर्नु रहेको छ । साथै, भाषिक सीपको दृष्टिले उक्त पाठ्यक्रमको उपयुक्तता एवं सबल र दुर्बल पक्षको पहिचान गरी सुझाव समेत दिइएको छ ।

## ५. समस्याकथन :

अनुसन्धान गरिने विषयवस्तुका बारेमा राखिएका प्रश्नहरू नै समस्याहरू हुन् । भाषा पाठ्यक्रमका सम्बन्धमा अनुसन्धान गरिनु एउटा समस्यापूर्ण कार्य हो । भाषाशिक्षण सीपको शिक्षण हो जस अन्तर्गत उच्चारण, बोध, व्याकरण र शब्दभण्डार जस्ता कुराहरू पर्दछन् । भाषाशिक्षण अन्तर्गत सुनाइ, बोलाइ, पढाइ, लेखाइका पक्षमा अभ्यास गराइन्छ । भाषाशिक्षणको अभिप्राय भाषिक सीपमा कुशलता हासिल गराउनु हो । भाषाशिक्षण भाषाको बारेमा शिक्षण होइन, भाषिक सीपहरूको बारेमा गरिने शिक्षण हो । प्रस्तुत शोधपत्र कक्षा १० र ११ को अनिवार्य नेपाली विषयको पाठ्यक्रमको तुलना तथा भाषिक सीप विकासको सन्दर्भमा उक्त पाठ्यक्रमहरू कति सबल र औचित्यपूर्ण छन् भन्ने कुराहरूमा केन्द्रित रहेको छ । यसले माध्यमिक तथा उच्च माध्यमिक तहका अनिवार्य नेपाली विषयको पाठ्यक्रमका विषयमा निम्न समस्याहरूको समाधानको प्रयास गरेको छ :

१. कक्षा १० र ११ को अनिवार्य नेपाली विषयको पाठ्यक्रममा रहेका समानता र भिन्नताहरू केके छन् ?
२. उक्त पाठ्क्रमहरू भाषिक सीप विकासको सन्दर्भमा कति उपयुक्त छन् ?
३. प्रस्तुत पाठ्यक्रमहरूका सबल र दुर्बल पक्षहरू के के हुन् ?

४. उक्त पाठ्यक्रममा रहेका कमी-कमजोरीहरूलाई हटाउन केकस्ता कुरामा सुधार गर्नुपर्छ ?

## ६. अध्ययनका उद्देश्यहरू :

समस्या कथनमा उठाइएका मुलभूत प्रश्नहरूको समाधान नै उद्देश्य हो । उद्देश्य निर्धारण गर्दा समस्याको तर्कपूर्ण समाधान के हो भन्ने कुराको खोजी गरिनुपर्छ । उद्देश्य सम्पूर्ण शोध कार्यको प्रतिबिम्ब झल्किने खालको हुनुपर्छ । शोधकार्य पश्चात् अपेक्षा गरिने परिणाममा उद्देश्य केन्द्रित हुनुपर्छ । उद्देश्यहरू विशिष्ट, अवलोकनीय, स्पष्ट, सङ्क्षिप्त, मापनीय र वैज्ञानिक हुनुपर्छ । यस शोधपत्रमा निम्नानुसारका उद्देश्यहरू समेटिएका छन् :-

१. कक्षा १० र ११ को अनिवार्य नेपाली विषयको पाठ्यक्रमको तुलना गर्नु,
२. उक्त पाठ्यक्रमक समानता र भिन्नताको खोजी गर्नु,
३. भाषिक सीपको पक्षमा उक्त पाठ्यक्रमहरूको सान्दर्भिकताको विश्लेषण गर्नु,
४. उक्त पाठ्यक्रमका सबल र दुर्बल पक्षहरू पहिल्याउनु,
५. उक्त पाठ्यक्रममा रहेका समस्याहरूको समाधानको लागि सुझाव दिनु ।

## ७. पूर्वकार्यको समीक्षा :

पहिले गरिएका कार्यलाई पूर्वकार्य भनिन्छ । अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ, अनुसन्धान, पत्रपत्रिका तथा अन्य श्रव्यदृश्य सामग्रीको अध्ययन-विश्लेषण गरेर तिनको सङ्क्षिप्त टिप्पणीमूलक समीक्षा गर्नु नै पूर्व कार्यको समीक्षा हो । पूर्वकार्यको अध्ययन-विश्लेषणले अनुसन्धान कार्यलाई प्रारम्भिक मागदर्शन गर्दछ । नेपाली भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धी थुप्रै अध्ययन र अनुसन्धानहरू भएका छन् । खासगरी त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत एम.एड. तह पार गर्ने प्रयोजनको लागि यस्ता अध्ययन

अनुसन्धान भएका छन् । यस्ता अध्ययनहरू पाठ्यक्रम तथा पाठ्यपुस्तकका खास पक्षप्रति केन्द्रित छन् । नेपाली भाषा पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी गरिएका सम्पूर्ण शोधविवरण यहाँ उल्लेख गर्न सम्भव देखिँदैन । भाषा पाठ्यक्रम र पाठ्यपुस्तकसँग सम्बन्धित रहेर गरिएका केही शोधहरूको अध्ययन गरी तिनीहरूको सङ्क्षिप्त टिप्पणीमूलक समीक्षा यहाँ प्रस्तुत गरिएको छ :-

(१) शोधार्थी गीता खनालद्वारा एम.एड. दोस्रो वर्षको नेपाली शिक्षण ५९८ पाठ्यांशको प्रयोजनार्थ २०६२ सालमा तयार पारिएको **"प्राथमिक तहका नेपाली भाषा पाठ्यक्रम २०२८ र २०६० को तुलनात्मक अध्ययन"** नामक शोधपत्र प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रमको विकासक्रम पहिल्याउने, प्राथमिक तहका नेपाली भाषा पाठ्यक्रम २०२८ र २०६० का विशेषताहरू केलाउने, प्राथमिक तहका भाषा पाठ्यक्रम २०२८ र २०६० को तुलना गर्ने, उक्त पाठ्यक्रमहरूको भाषिक सीपका दृष्टिले विवेचना गर्ने तथा सबल र दुर्बल पक्षहरूको पहिचान गरी सुझाव दिने जस्ता उद्देश्यहरूमा आधारित छ । पाँच अध्यायमा समेटिएको उक्त शोधपत्रले निम्नानुसारका निष्कर्षहरू दिएको छ :

- **सबल पक्षहरू :**

दुवै पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत तथा कक्षागत उद्देश्यहरू दिइएको, भाषिक सीप विकासका सबै पक्षलाई सन्तुलित रूपमा राखिएको, कक्षागत तथा तहगत उद्देश्यहरू स्तरअनुसार नै रहेका, विषयवस्तु छनोटका लागि विधा र क्षेत्र तोकिएको, विधागत विविधतामा ध्यान दिएको, विधा छनोटमा बालकको रुचि र क्षमताको ख्याल गरिएको, स्तरअनुसार अभ्यास सामग्रीको व्यवस्था भएको, विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग, सुधारमुखी मूल्याङ्कन प्रणालीको अवलम्बन गर्ने प्रयास जस्ता सबल पक्ष रहेका ।

- **दुर्बल पक्षहरू :**

पाठ्यक्रममा एउटै किसिमका धेरै उद्देश्यहरूको समावेश हुनु, उद्देश्यहरू मापनीय नहुनु, दुवै पाठ्यक्रमले प्राथमिक तहमा लैङ्गिक समानता, दलित, जनजाति, आदिवासी, तथा सीमान्तीकृत वर्गको प्रतिनिधित्व गर्न नसकेको, पाठ्यक्रमले सामाजिक, सांस्कृतिक विकृति-विसङ्गतिका सम्बन्धमा बालबालिकालाई सचेत गराउने खालका विषयवस्तु समावेश गर्न नसकेको, पाठ्यक्रम अनुसारका शैक्षिक सामग्रीको बारेमा दुवै पाठ्यक्रम मौन रहेका जस्ता दुर्बल पक्षहरू समेत औंल्याइएको छ ।

२) नारदकुमार थापाद्वारा २०५९/६१ सालमा एम.एड. दोस्रो वर्षको नेपाली शिक्षण ५९८ पाठ्यांशको प्रयोजनको लागि तयार पारिएको **"माध्यमिक तहका नेपाली भाषा पाठ्यक्रम २०२८ र २०५५ को तुलनात्मक अध्ययन"** नामक शोधपत्र माध्यमिक तहका नेपाली भाषा पाठ्यक्रमको विकासक्रम पहिल्याउने, माध्यमिक तहको अनिवार्य नेपाली भाषा पाठ्यक्रम २०२८ र २०५५ का विशेषताको पहिचान गर्ने, उक्त पाठ्यक्रमका भाषिक सीप, भाषातत्व, बोध, अभिव्यक्ति र रचनाशिल्पको तुलना गर्ने, पाठ्यक्रम निर्माणमा देखा परेका कमीकमजोरीको पहिचान गरी सुझाव दिनेजस्ता उद्देश्यहरूमा केन्द्रित रहेको छ । विभिन्न पाँच अध्यायमा प्रस्तुत उक्त शोधपत्रले निम्नानुसारका निष्कर्षहरू निकालेको छ :

- दुवै पाठ्यक्रममा पाठ्यांशको परिचय दिएको, दुवैमा साधारण उद्देश्य समावेश गरिएको, दुवैमा भाषिक सीपगत उद्देश्य राखिएको, राष्ट्रिय उद्देश्य समावेश भएको, विधागत विविधता रहनुजस्ता सबल पक्ष रहेका ।
- त्यसैगरी नयाँ पाठ्यक्रममा कक्षागत उद्देश्य छुट्टाछुट्टै समावेश नगरिनु, विधाको क्रम र स्पष्टीकरण उल्लेख नगरिनु, शिक्षण विधिबारे छुट्टै रूपमा उल्लेख नगरिनु, विषय र विधा अनुसार समय प्रतिशत नछुट्याउनु, शिक्षण विधि र प्रक्रियाका बारेमा कुनै कुरा समावेश नगरिनु जस्ता दुर्बल पक्ष रहेका ।

३) शोधार्थी शिवबहादुर पाण्डेले २०५४ सालमा एम.एड. दोस्रो वर्षको आठौँ पत्रको आवश्यकता पूर्तिका निम्ति तयार पारेको- **“कक्षा १० को नेपाली भाषापाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन”** नामक शोधपत्र भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको सामान्य जानकारी दिने, भाषापाठ्पुस्तक निर्माणका सिद्धान्त र प्रक्रियाहरूको अवलम्बन भए/नभएको खोजी गर्ने, कमीकमजोरी औँल्याई सुधारका लागि सुझाव दिनेजस्ता उद्देश्यमा केन्द्रित छ। विभिन्न विद्यालयका शिक्षक, लेखक, प्राध्यापक तथा विशेषज्ञबाट भाषा पाठ्यपुस्तकसँग सम्बन्धित प्रश्नावली भर्न लगाउने जस्ता कार्यबाट तयार पारिएको शोधपत्र चार अध्यायमा सङ्गठित

छ। उक्त शोधपत्रले निम्नानुसारका निष्कर्ष दिएको छ :–

- माध्यमिक तहको नेपाली भाषापाठ्यपुस्तकमा विद्यागत विषयवस्तु कमजोर रहेको,
- राष्ट्रिय राजनीति तथा प्रजातन्त्रका सन्दर्भमा पाठ्यपुस्तक मौन रहेको,
- नेपाली बहुसांस्कृतिक मूल्यलाई पाठ्यपुस्तकले समेटन नसकेको,
- पाठ्यपुस्तकमा समाविष्ट पाठहरूमा जिज्ञासामूलक विषयवस्तु र शैलीगत विविधता नभएको,
- अधिकांश पाठहरू जीवनी विधाका रहेका,
- सुनाइ सीपको न्यून स्थान रहेको,
- सिर्जनात्मक अभ्यास कम रहेका,
- शब्दभण्डारको वितरण सन्तुलित नभएको।

४) शोधार्थी इलोमा भट्टराईले २०५६-२०५८ सालमा एम.एड. दोस्रो वर्षको आठौं पत्रको आवश्यकता पूर्तिको लागि तयार पारेको **“कक्षा सातको नयाँ पाठ्यक्रम अनुसारका नेपाली भाषापाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन”** नामक शोधपत्र- कथाहरूको पाठ्यक्रम अनुरूपता पहिल्याउने, कथाका संरचना तथा भाषिक

पक्षको विश्लेषण गर्ने, भाषाशिक्षणीय दृष्टिले निर्धारित कथाहरूको प्रयोजन केलाउने, अभ्यासहरूको विश्लेषण गर्ने, छनोट र स्तरणका आधारमा कथाहरूको समीक्षा गर्ने जस्ता उद्देश्यसँग सम्बन्धित रहेको छ । विभिन्न छ अध्यायमा प्रस्तुत गरिएको उक्त शोधपत्रमा निम्नानुसार निष्कर्ष दिइएको छ :-

- पाठ्यक्रमले अपेक्षा गरे अनुसार पाठ्यपुस्तकमा कथाहरूको चयन हुन नसकेको,
- सीपगत विकासका दृष्टिले कतिपय कथाहरूबाट अपेक्षित सीप प्राप्त हुने नदेखिएको,
- अभ्यासको वितरणमा एकरूपता नभएको,
- अनुच्छेद गठन वाक्य र शब्दभण्डारको व्यापकता समेतका दृष्टिले पनि उक्त पाठ्यपुस्तकमा छनोट गरिएका कथाहरूको सन्तुलन नदेखिएको ।

५) पुष्पा कोइराला शर्माद्वारा २०५९ सालमा एम. एड. दोस्रो वर्षको नेपाली शिक्षण पाँचौं पत्रको प्रयोजनको लागि तयार पारेको **"कक्षा ६ को हाम्रो नेपाली किताबको विश्लेषणात्मक अध्ययन"** नामक शोधपत्र पाठ्यपुस्तकको आन्तरिक र बाह्य विशेषताका आधारमा विश्लेषण गर्ने र पाठ्पुस्तकका दुर्बल पक्षहरूको सुधारका लागि सुझाव दिने उद्देश्यमा केन्द्रित छ । पाँच अध्यायमा सङ्गठित उक्त शोध-पत्रमा निम्नानुसारका निष्कर्ष रहेका छन् :

- कक्षा ६ को हाम्रो नेपाली किताब विषयवस्तु, विधा तथा प्रस्तुति, शब्दभण्डार, भाषिक संरचना र शैली विद्यार्थीको स्तरभन्दा माथि उठेको,
- पाठहरूको लम्बाइ तथा रखाइ क्रमका आधारमा सरलबाट जटिलतिर हुनुपर्नेमा जटिलबाट सरलतिर भएको,
- पाठ्यक्रममा लैङ्गिक समानता झल्किने पाठ्यसामग्री, चित्रको प्रयोग र नमूना अभ्यासको कमी रहेको,

६) शोधार्थी शान्ता सुवेदीद्वारा २०५९-०६१ सालमा एम.एड. दोस्रो वर्षको नेपाली शिक्षण ५९८ पाठ्यांशको प्रयाजनको लागि तयार पारिएको **"हाम्रो नेपाली किताबको विश्लेषणात्मक अध्ययन"** नामक शोधपत्र- 'हाम्रो नेपाली किताब' को विश्लेषण गर्ने, भाषा पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताका आधारमा उक्त पाठ्यपुस्तकको विश्लेषण गर्ने, उक्त पाठ्यपुस्तकको सबल र दुर्बल पक्षहरू केलाउने जस्ता उद्देश्यमा आधारित छ । विभिन्न ६ अध्यायमा समेटिएको उक्त शोधपत्रले निम्नानुसारका निष्कर्ष दिएको छ :-

- आवरण र साजसज्जा स्तरीय नै रहेको,
- विषयवस्तुको प्रस्तुतिका दृष्टिले सरलबाट जटिलतिर जाने शिक्षाशास्त्रीय विधि पूर्णरूपमा अवलम्वन नगरिएको,
- भाषिक सीप विकासका दृष्टिले पाठ्यपुस्तक भित्रका सामग्री त्यति सन्तुलित नभएका,
- सिर्जनात्मक अभ्यासको कमी रहेको,
- पाठ अनुसार चित्रको प्रयोग न्यून रहेको ।

७.) रामचन्द्र खनालद्वारा एम. एड. दोस्रो वर्षको नेपाली शिक्षण ५९८ पाठ्यांशको प्रयोजनार्थ २०५७ मा तयार पारिएको **"कक्षा ९ को नेपाली पाठ्पुस्तकको विश्लेषणात्मक अध्ययन"** नामक शोधपत्रमा पाठ्यक्रमका विशेषता (उद्देश्य, क्षेत्र र क्रम) का आधारमा कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकको विश्लेषण गर्ने, सो पाठ्यपुस्तकको सैद्धान्तिक मूल्याङ्कन गर्ने र भाषिक प्रयोगका आधारमा विश्लेषण गर्ने जस्ता उद्देश्यहरू रहेका छन् । विभिन्न ६ अध्यायमा समेटिएको उक्त शोधपत्रले निम्नानुसारका निष्कर्षहरू दिएको छ :

- पाठ्यक्रम र पाठ्यपुस्तकबीच असन्तुलन हुन र विधागत वितरणमा पनि असन्तुलन देखा पर्नु,

- पाठ्यपुस्तकका विशेषताका आधारमा विषयवस्तुको तहगत र एकाइगत क्रम नमिल्नु,
- विद्यार्थीको उमेर र स्तरअनुसार सामग्रीको चयन हुन नसक्नु,
- विविधतापूर्ण अभ्यासको कमी हुनु,
- वर्णविन्यासमा पर्याप्त विचलन हुनु,

उपर्युक्त तथ्य तथा कार्यहरूको अध्ययनले कक्षा १० र ११ को अनिवार्य नेपाली विषयको पाठ्यक्रमको तुलनात्मक अध्ययन गर्ने कार्यमा सकारात्मक सहयोग र मार्गदर्शन गरेको छ । साथै, यस शोधपत्रले अपेक्षित उद्देश्य हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## ७) अध्ययनको औचित्य र महत्व :

शोध भनेको नयाँ तथ्य पत्ता लगाउन गरिने तर्कसङ्गत, व्यवस्थित र औपचारिक खोजी हो । शोध कार्य आफैँमा एक कठिन कार्य हो । आफूले अनुसन्धान गर्न चाहेको विषयले समाज, राष्ट्र र अन्य कुनै पक्षको निम्ति दिने उपयोगिताको उल्लेख अनुसन्धान प्रस्तावमा गरिन्छ । अनुसन्धानको लागि सम्बन्धित क्षेत्र र शीर्षकको चयन किन गरियो ? यसबाट लाभान्वित पक्ष कोको हुन् ? यसको अध्ययनबाट समस्याको समाधान के कति मात्रामा सम्भव हुन्छ ? यस्तै-यस्तै प्रश्नको उत्तरमा अध्ययनको औचित्य र महत्व केन्द्रित हुन्छ । प्रस्तुत शोधमा कक्षा १० र ११ को अनिवार्य नेपालीको वर्तमान पाठ्यक्रमको तुलनात्मक अध्ययन गरिएकोले स्तर अनुसार दुवै पाठ्यक्रमको समानता र भिन्नता छुट्याउन, भाषिक सीपगत दृष्टिले उक्त पाठ्क्रमको उपयुक्तता खोजी गर्न, उक्त पाठ्यक्रममा रहेका सबल र दुर्बल पक्षहरू पहिल्याउन र पाठ्यक्रमलाई अझ परिमार्जन गर्न, उद्देश्यमूलक बनाउन, समयसापेक्ष ढङ्गले व्यावहारिक र स्तरीय बनाउने कार्यमा सहयोग पुग्ने विश्वास गरिएको छ ।

## ८.) अध्ययनको सीमा :

अध्ययन कार्यलाई कतिसम्म फराकिलो बनाउने र कुन सीमाभित्र रहेर कार्य गर्ने भन्ने कुरा अध्ययनको सीमासँग सम्बन्धित छ । अध्ययनको सीमालाई अध्ययनको लक्ष्मण रेखा पनि भन्न सकिन्छ किनभने कुनै एउटा अध्ययनमा सम्बद्ध विषय शीर्षकले ओगट्ने जति सम्पूर्ण पक्षको अध्ययन सम्वभव हुँदैन । अध्ययन कार्यलाई निश्चित सीमाभित्र समेटन सकिएन भने एउटा सानो विषयको शीर्षकमा पनि कुहिराको काग घुमेझैँ घुम्नु पर्ने अवस्था आउन सक्छ । त्यसैले यस विषयको शीर्षक अन्तर्गत निम्न कुराको सीमाभित्र रहेर अध्ययन गरिएको छ :

- यस अध्ययनमा कक्षा १० र ११ को अनिवार्य नेपाली विषयको वर्तमान पाठ्यक्रमको मात्र तुलना गरिएको छ ।
- यसमा भाषिक सीपगत पक्षमा उक्त पाठ्यक्रमहरूको उपयुक्तताको तुलना गर्ने प्रयास गरिएको छ ।
- यसमा उक्त पाठ्यक्रमका सबल दुर्बल पक्षलाई औँल्याई सुधारका लागि सुझाव दिएको छ ।

## ९.) अध्ययन विधि :

अनुसन्धानका क्रममा अवलम्बव गरिएको विधि वा प्रक्रियालाई नै अध्ययन विधि भनिन्छ । अध्ययन गरिने विषय मूलतः उद्देश्यसँग सम्बन्धित हुन्छ । शोधप्रस्तावका सन्दर्भमा अध्ययन विधिमा नमुना छनोट, अध्ययन क्षेत्र, तथ्याङ्क सङ्कलनका स्रोतहरूको विश्लेषण आदि कुराको उल्लेख गर्नु आवश्यक हुन्छ । प्रस्तुत अध्ययन मूलतः **पुस्तकालय विधि**मा केन्द्रित रहेको छ । त्यसका अतिरिक्त शोध निर्देशक तथा सम्बद्ध विषयका शिक्षाविद् विद्वान्हरूद्वारा प्राप्त निर्देशनलाई पनि आधार मानिएको छ । पुस्तकालय विधि अन्तर्गत सर्वप्रथम प्रारम्भिक सामग्रीका रूपमा शीर्षकसँग सम्बन्धित कक्षा १० र ११ का अनिवार्य नेपाली विषयका

पाठ्यक्रम र त्यसका पाठ्यपुस्तक तथा शिक्षण निर्देशिका सङ्कलन गरिएको छ । यसका साथै उक्त तहका भाषा पाठ्यक्रमलाई तुलनात्मक अध्ययन गर्न सम्बद्ध पूर्वकार्य, विभिन्न लेखक तथा विद्वानहरूका पुस्तक, कार्यपत्र, अध्ययन प्रतिवेदन, अनुसन्धानमूलक लेख, पत्रपत्रिका, शोधपत्र आदि सामग्रीलाई विषय विश्लेषणको आधार मानिएको छ ।

## १०) शोधपत्रको रूपरेखा :

शोधमा कतिवटा अध्यायहरू राख्ने, अध्यायभित्र कतिवटा शीर्षक र उपशीर्षकहरू राख्ने भन्ने विषयमा केन्द्रित रहेर तयार पारिएको शोधको मोटामोटी आकृतिलाई शोधको रूपरेखा भनिन्छ । यस शोधको रूपरेखा निम्नानुसार रहेको छ :-

अध्याय एक - शोधपरिचय

अध्याय दुई - भाषा पाठ्यक्रमको सैद्धान्तिक परिचय

अध्याय तीन- माध्यमिक तथा उच्च माध्यमिक तहका अनिवार्य नेपाली भाषा पाठ्यक्रमको तुलना

अध्याय चार - निष्कर्ष र सुझावहरू

सन्दर्भ सूची

परिशिष्ट “क” : माध्यमिक तह (कक्षा १०) को अनिवार्य नेपाली भाषा पाठ्यक्रम

परिशिष्ट “ख” उच्च माध्यमिक तह (कक्षा ११) को अनिवार्य नेपाली भाषा पाठ्यक्रम

# अध्याय-दुई

# भाषा पाठ्यक्रमको सैद्धान्तिक परिचय

## २.१ पाठ्यक्रमको परिचय :

अङ्ग्रेजी भाषाको ुऋगचचष्अगक्ि लाई नेपालीमा पाठ्यक्रम भनिन्छ । ुऋगचचष्अगक्ि शब्द ल्याटिन भाषाको ुऋगचचभचभु बाट बनेको हो जसको अर्थ ˘दौडको मैदान्’ अर्थात् ˘धावन मार्ग’ भन्ने हुन्छ । यहाँ, शिक्षा प्राप्त गर्नुलाई दौडको रूपमा र पाठ्यक्रमलाई मैदानको रूपमा लिइएको छ । सङ्क्षेपमा निश्चित लक्ष्य र उद्देश्य पूरा गर्न अपनाइने निर्धारित बाटो वा प्रक्रियालाई पाठ्यक्रम भनिन्छ । पाठ्यक्रममा विद्यार्थी, समाज र शिक्षकका इच्छा र चाहनाहरू समावेश भएका हुन्छन् । के, कहिले र कसरी प्राप्त गर्ने भन्ने कुरा पाठ्यक्रमले नै निर्देशित गर्दछ । पाठ्यक्रमभित्र सामाजिक र राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, कक्षागत उद्देश्य, विषयगत उद्देश्यहरू पूरा गर्ने विभिन्न पाठ्यवस्तुहरू, अध्ययन विधि, शैक्षिक क्रियाकलापहरू, शिक्षण सामग्री र विधि समेत उल्लेख गरिएको हुन्छ । यसरी पाठ्यक्रमलाई शिक्षण सिकाइको एउटा महत्वपूर्ण र व्यवस्थित योजना वा कार्यक्रम तथा सुस्पष्ट निर्देशनको रूपमा चिनाउन सकिन्छ । पाठ्यक्रमलाई विभिन्न किसिमले परिभाषा गरिएको छ । तीमध्ये केही विद्वान्हरू तथा सम्बद्ध क्षेत्रका परिभाषाहरू निम्नानुसार छन् :

- **“विद्यालयभित्र वा बाहिरको अपेक्षित उद्देश्य प्राप्ति गर्न गरिने सम्पूर्ण प्रयासहरूलाई पाठ्यक्रम भनिन्छ । “ -सेलर एन्ड अलेक्जेन्डर**
- **“पाठ्यक्रम सिकाइको एउटा व्यवस्थित योजना हो ।” -हिल्डा टावा**
- **“सिक्ने व्यक्तिका सामाजिक मानसिक आध्यात्मिक तथा नैतिक विकासमा सहयोग पुग्ने, विद्यालयभित्र र बाहिरका समग्र अनुभवहरू एउटै कार्यक्रमका रूपमा पाठ्यक्रममा समावेश भएका हुन्छन् ।” -क्रो एण्ड क्रो**

- **"शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ ।"**

  **-रा.शि.प.यो.-२०२८**

- **"शिक्षाका लक्ष्यहरू प्राप्तिका लागि विद्यालय तथा शिक्षकद्वारा विद्यार्थीका लागि तयार पारेको योजना र निर्देशन अनुसारको सम्पूर्ण अनुभवहरूलाई पाठ्यक्रम भनिन्छ ।"**

  **– युनेस्को**

- **-"पाठ्यक्रम भन्नाले उद्देश्य, लक्ष्य, विषयवस्तु, प्रक्रिया, स्रोत, मूल्याङ्कनका स्रोत-साधन आदि बुझिन्छ जसलाई विद्यालयभित्र तथा बाहिर कक्षा शिक्षण वा सम्बन्धित कार्यक्रमद्वारा पूरा गर्न योजनाबद्ध प्रयास गरिएको हुन्छ ।"**

  **-डिक्सनरी अफ एजुकेसन**

- **-"पाठ्यक्रम भन्नाले उद्देश्य, लक्ष्य, विषयवस्तु, प्रक्रिया स्रोत, मूल्याङ्कनको साधन आदि बुझिन्छ ।"** **-फ्रोबेल**

उपर्युक्त विभिन्न परिभाषाका आधारमा पाठ्यक्रम भनेको शैक्षिक लक्ष्यसम्म पुऱ्याउने एउटा गोरेटो हो र त्यो गोरेटो सुस्पष्ट एवं व्यवस्थित कार्यक्रमका रूपमा रहेको हुन्छ । अतः पाठ्यक्रम शिक्षण लक्ष्य प्राप्ति गर्नका लागि विद्यालयभित्र वा बाहिर गरिने सिकाइ अनुभवहरूको सार हो ।

## २.२ पाठ्यक्रमका तत्वहरू :

पाठ्यक्रम निर्माण गर्दा आवश्यक पर्ने अवयवहरूलाई पाठ्यक्रमका **तत्व** ९ऋयफउयलभलत या अगचचषअगकि० भनिन्छ । पाठ्यक्रम समग्र शैक्षिक प्रक्रियाकै मेरुदण्ड भएकोले पाठ्यक्रम सम्बन्धी पक्षहरूलाई समेट्न सकिएन भने यसले सही मार्ग निर्देशन गर्न सक्दैन । पाठ्यक्रमका **तत्व**हरू सम्बन्धी विभिन्न विद्वान्हरू, पाठ्यक्रमविद् र शिक्षाशास्त्रीहरूको मत समान रहेको पाइँदैन । सबैका मतहरूलाई समेट्ने गरी पाठ्यक्रमका **तत्व**वहरूलाई निम्नानुसार वर्गीकरण गरिएको छ :

१) उद्देश्य

२) विषयवस्तु

३) शिक्षण-सिकाइ क्रियाकलाप वा रणनीति

४) मूल्याङ्कन

## २.२.१ उद्देश्य

उद्देश्य पाठ्यक्रमको पहिलो एवं महत्वपूण **तत्व** हो । सामान्यतया कुनै शैक्षिक योजना कार्यन्वयन पश्चात् अपेक्षित सिकाइ उपलब्धिलाई उद्देश्य भन्न सकिन्छ । उद्देश्यले, किन सिकाउने ? भन्ने प्रश्नको उत्तर खोजी गर्छ । उद्देश्यले पाठ्यक्रमका विषयवस्तु छनोट र सङ्गठन गर्ने आधार प्रदान गर्दछ । उद्देश्यहरूले शिक्षकहरूलाई आÇनो शिक्षण कार्यक्रम सञ्चालन गर्ने आधार प्रदान गर्दछ । उद्देश्यको निर्धारण गर्दा विद्यार्थीले प्राप्त गर्नुपर्ने ज्ञान, सीप, धारणा र तिनीहरूको प्राप्तिको लागि आवश्यक क्रियाकलापमाथि ध्यान दिनुपर्छ । पाठ्यक्रमका उद्देश्यका बारेमा पाठ्यक्रमविद् हिल्डा टावा भन्छिन्- "के सिकाउने ? कस्तो विषयवस्तु छनोट गर्ने ? कस्ता सिकाइ अनुभवहरू छनोट गर्ने ? के मूल्याङ्कन गर्ने ? भन्ने सम्बन्धमा निर्णय लिन निर्देशन गर्ने नै उद्देश्यहरूको कार्य हो ।" त्यसै गरी क्यालिफोर्निया स्टेट कोडका अनुसार- "उद्देश्य भनेको एउटा प्रायोजित उपलब्धि हो, जसलाई दिइएको समय र विशिष्ट अवस्थाहरूमा जाचँ गर्न सकिन्छ र यदि प्राप्त भएमा पद्धतिलाई सम्बन्धित लक्ष्यतिर अग्रसर गराउँछ ।" त्यसैगरी पाठ्यक्रमविद् बेन्जामिन ब्लुमका अनुसार- "शैक्षिक उद्देश्यहरू केवल पाठ्यक्रम र शिक्षणका उद्देश्यहरूसँग मात्र सम्बन्धित नभई मूल्याङ्कनका साधन निर्माण र प्रयोग गर्नमा समेत सघाउ पुऱ्याउछन् ।"

## २.२.२ विषयवस्तु :

पाठ्यक्रमको दोस्रो महत्वपूर्ण **तत्व** विषयवस्तु हो । विषयवस्तु भनेको ज्ञान, सीप र अनुभवहरूको छनोट र सङ्गठन हो । अर्को शब्दमा, के सिक्ने ? भन्ने प्रश्नको उत्तर नै विषयवस्तु हो । विषयवस्तुभित्र विद्यार्थीलाई प्रदान गरिने तथ्यहरूको ज्ञान, तथ्यहरूको धारण, प्रतिक्रियाहरू, मूल्यमान्यताहरू जस्ता पक्षहरू पर्दछन् । उद्देश्यको निर्धारणपछि ती उद्देश्यहरू प्राप्त गर्नका लागि कुन तहमा, कुन कक्षामा, कुन विषयमा कस्तो ज्ञान, सीप र अनुभवहरू प्रदान गर्ने ? विषय क्षेत्र कति हुने ? भन्नेजस्ता पक्षलाई पाठ्यक्रमको विषयवस्तुमा समावेश गरिएको हुन्छ ।

## २.२.३ शिक्षण सिकाइ रणनीति :

शिक्षण सिकाइ रणनीति पनि पाठ्यक्रमको महत्वपूर्ण अङ्ग हो । अपेक्षित उद्देश्य हासिल गर्नका लागि छनोट र सङ्गठन गरिएका विषयवस्तुलाई विद्यार्थीसमक्ष पुऱ्याउने माध्यम नै शिक्षण सिकाइ रणनीति हो । अर्को शब्दमा, उद्देश्य अनुसारको शिक्षण गर्नका लागि पाठ्यक्रममा विषयवस्तु, शिक्षक, विद्यार्थी, शैक्षिक, सामग्री आदिको योजनाबद्ध सम्बन्धलाई शिक्षण सिकाइ रणनीति भनिन्छ ।

## २.२.४ मूल्याङ्कन :

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू के कति हासिल हुन सके भनेर गरिने लेखाजोखालाई मूल्याङ्कन भनिन्छ । उद्देश्य, विषयवस्तु, शिक्षण सिकाइ रणनीति र मूल्याङ्कन प्रक्रियालाई असल पाठ्यक्रमका तत्वहरू मानिन्छ । पाठ्यक्रम कार्यन्वयनको क्रममा यी कुनै पनि तत्वमा त्रुटि हुन गयो भने समग्र शैक्षिक कार्यक्रम नै असफल हुन जान्छ । तसर्थ, मूल्याङ्कन भन्नासाथ पाठ्यक्रमको उद्देश्यको मूल्याङ्कन, विषयवस्तुको मूल्याङ्कन र शिक्षण सिकाइ कार्यनीतिको मूल्याङ्कन समेत बुझ्नुपर्दछ ।

## २.३ पाठ्यक्रम लक्ष्यका स्रोतहरू :

पाठ्यक्रम निर्माणमा प्रभाव पार्ने विभिन्न पक्षलाई पाठ्यक्रमका लक्ष्य स्रोतहरू भनिन्छ । पाठ्यक्रमका लक्ष्य स्रोतहरू निम्नअनुसार रहेको पाइन्छ :

### २.३.१ सिकारु :

शिक्षा सिकारु वा विद्यार्थीलाई दिइने भएकोले विद्यार्थीमा व्यावहारिक परिवर्तन ल्याउन विद्यार्थीको आवश्यकता, रुचि, विद्यार्थीलाई दिइने सूचना, बालकले हासिल गर्ने उपलब्धि र बालकले गर्ने क्रियाकलापमाथि ध्यान पुऱ्याउनुपर्छ । पाठ्यक्रम बालकको इच्छा मुताबिक बालकेन्द्रित, समाजकेन्द्रित र व्यवहारकेन्द्रित हुनुपर्छ । पाठ्यक्रम निर्माण गर्दा बालकका आवश्यकता, सामाजिक परिस्थिति, रहनसहनको प्रक्रिया, स्वास्थ्य र खानपानमा पनि जानकारी प्राप्त गर्नुपर्छ । बालकका भौतिक, सामाजिक र एकीकृत आवश्यकताको पूर्तिका लागि पाठ्यक्रम तयार पारिने हुँदा पाठ्यक्रमको प्रमुख स्रोतको रूपमा सिकारुलाई लिइन्छ ।

### २.३.२ समाज :

पाठ्यक्रम समकालीन समाजमा लागु हुन्छ र यसभित्र लक्षित समाजका संस्कृति र मूल्यमान्यता समेटिने भएकाले समकालीन समाज पाठ्यक्रम लक्ष्यको अर्को प्रभावकारी स्रोत हो । पाठ्यक्रममा समाजका स्वरूप, संस्कृति, चाहना र आवश्यकताको सन्तुलित समन्वय हुनुपर्ने भएकोले समाज पाठ्यक्रम लक्ष्यको महत्वपूर्ण स्रोत मानिएको हो । दार्शनिक, सामाजिक र वैज्ञानिक दृष्टिले समाज परिवर्तनशील र शिक्षा गतिशील मानिने भएकोले प्रभावकारी पाठ्यक्रम निर्माणमा समाज निरपेक्ष रहन सक्दैन । पाठ्यक्रम निर्माण र कार्यन्वयनमा पनि समाजकै भूमिका रहेको हुनाले समकालीन समाज पाठ्यक्रम लक्ष्यको महत्वपूर्ण स्रोत मानिन्छ ।

### २.३.४ विषय विशेषज्ञ :

कुनै विषयमा आधिकारिक विचारहरू दिनसक्ने व्यक्तिलाई विषय विशेषज्ञ भनिन्छ । पाठ्यक्रमका उद्देश्य, क्रियाकलाप, मूल्याङ्कन विधि आदि निर्धारण गर्दा विद्यार्थीको रुचि, उमेर, स्तर र मनोवैज्ञानिक पक्ष अनुसार गर्नुपर्ने भएकाले त्यसबखत विषय विशेषज्ञको आवश्यकता पर्दछ । पाठ्यक्रमको उद्देश्यअनुसारका विषयवस्तु छनोट गर्न र विषय तहगत समन्वय गर्न विशेषज्ञको नै आवश्यकता पर्दछ । सही शिक्षण प्रक्रिया विद्यार्थीले प्राप्त गर्ने सीप र उद्देश्य पूर्तिका लागि लाग्ने समयको निर्धारण विशेषज्ञले मात्र गर्न सक्छन् । ज्ञान, सीप, र व्यवहारमा निपूर्ण, योग्य र सामाजिक परिस्थितिमा समायोजन गर्न सक्ने नैतिकवान् व्यक्तित्व निर्माण गर्ने प्रभावकारी पाठ्यक्रम निर्माणका लागि विषय विशेषज्ञको आवश्यकता पर्ने भएकोले यो पनि महत्वपूर्ण स्रोत हो ।

### २.३.५ दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार :

दर्शन वास्तविक सत्य र सामाजिक चेतनाको विशिष्ट रूप हो । विश्वव्यापकता र चेतना दर्शनका आधार हुन् । मानिस, आत्मा, ब्रमाण्ड, ईश्वर, वास्तविकता, सत्य आदि विभिन्न विषयमा निकालिएका तथ्यपूर्ण आधारहरू दर्शन हुन् । दार्शनिक ज्ञानको मुख्य आधार सामान्यीकरण भएकोले सामान्यीकरण, विश्वव्यापकता र चेतनाका लागि पाठ्यक्रमले दार्शनिक पक्षको आधार लिएको हुन्छ । शाश्वत सत्य, व्यवस्थित विचार, तार्किक चिन्तन, वैज्ञानिक चिन्तन र सत्यको विश्लेषण जस्ता पाठ्यक्रमका आधार निर्माणमा दर्शनशास्त्रीय मान्यता प्रमुख हुने भएकोले दर्शन पाठ्यक्रम लक्ष्यको अर्को महत्वपूर्ण स्रोत हो ।

सामाजिक प्राणी मानिसलाई शिक्षाले महत्वपूर्ण भूमिका निर्माणका लागि योग्य बनाउँछ । मानवीय आवश्यकताले मानव विकासक्रम फराकिलो बन्दै जाने र शिक्षा समाजकै लागि

हुने भएकोले पाठ्यक्रमले मानव विकासमा मार्गनिर्देशन गर्दछ । सामाजिकीकरण र सामाजिक अन्तरक्रिया पाठ्यक्रमका अपेक्षित पक्ष हुन्, जुन समाजबाटै प्राप्त हुन्छन् ।

समाजमा मानिसले मान्ने रीतिरिवाज, संस्कृति, परम्परा आदि दर्शनले निर्धारण गरेको हुन्छ र तिनै मूल्य मान्यताका आधारमा समाज चलेको हुन्छ । दर्शनले निर्धारण गरेको मूल्य, मान्यता र सामाजिक आवश्यकता पूरा गर्न गराउन पाठ्यक्रममा विभिन्न कार्यक्रमले योजना बनाइएको हुन्छ । यसर्थः पाठ्यक्रम निर्माणका दर्शनशास्त्रीय र समाजशास्त्रीय आधारले महत्वपूर्ण स्थान ओगट्ने भएकोले यिनलाई पनि पाठ्यक्रम लक्ष्यको महŒवपूर्ण स्रोत मानिन्छ ।

## २.४ भाषा पाठ्यक्रमको परिचय :

भाषा विचार विनिमयको सशक्त माध्यम हो । भाषा सामाजिक सम्पत्ति हो । भाषाविना समाज विकासको कल्पना पनि गर्न सकिन्न । मानिस संसारका समग्र ज्ञान, विज्ञान, दर्शन, कला, सीप र कौशलहरूको संरक्षक एवं संवर्द्धक स्रोत हो । मानवीय जीवनमा आवश्यक पर्ने समग्र कार्य सम्बन्धी ज्ञानमूलक धारणा तथा अभिव्यक्तिमूलक सीप सम्पादन भाषाबाटै हुन्छ । भाषा मानवीय वस्तु हो र मानव समाजमै यसको प्रयोग र व्यवहार हुन्छ । तर, भाषा भिन्नभिन्न किसिमका हुन्छन् । भौगोलिक दूरी अथवा क्षेत्रीयता, राष्ट्रियता, सामाजिकता, धार्मिकता, व्यावसायिकता तथा जातीयता आदि विभिन्न कारणले भाषा फरकफरक किसिमका हुन्छन् । एउटै समाज र एउटै देशभित्र बस्ने मानिसहरू पनि भिन्नभिन्न भाषा प्रयोग गर्न सक्छन् र आÇना समुदायमा विचार विनिमय गर्छन् । कुनै ठाउँमा बस्ने भिन्नभिन्न भाषा बोल्ने समुदायका कारणले एउटा भाषिक समुदाय र अर्को भाषिक समुदायका बीचमा एक अर्काका भाषा सिक्नुपर्ने स्वभाविक आवश्यकता पैदा हुन्छ र मानिस द्वैभाषिक र बहुभाषिक पनि बन्न सक्छन् । (शर्मा र पौडेल २०६०:२६९)

एउटै भाषाका पनि क्षेत्रीय भेद र सामाजिक भेदका विविध रूप हुन सक्छन् । त्यस्तो अवस्थामा कुनै सुनिश्चित मानक रूपको भाषा र प्रयोजनपरक भाषा पनि सिक्नुपर्ने आवश्यकता रहन सक्छ । सबभन्दा पहिले आमाको काख र स्वसमुदायबाट सिकेको भाषाले मात्र जीवनका आवश्यकताहरू पूरा गर्न सकिने स्थिति हुँदैन र पहिले सिकेको अथवा प्राप्त गरेको भाषाका पनि विशिष्ट रूपहरूको ज्ञान र सीप सिक्नु पर्ने टड्कारो आवश्यकता रहन सक्छ । यिनै विभिन्न प्रसङ्गहरूको आधारमा भाषा सिकाइ मानिसको अपरिहार्य आवश्यकता रहेको हुन्छ चाहे त्यो पहिलो भाषा होस् अथवा दोस्रो भाषा (पूर्ववत् २०६०:२६९)

भाषा पाठ्यक्रम भनेको के हो भन्ने सम्बन्धमा उल्लेख्य परिभाषाहरू उपलब्ध छैनन् तर यस अगाडि दिइएका पाठ्यक्रमसम्बन्धी परिचय र परिभाषाकै आधारमा भाषा पाठ्यक्रमका परिभाषाहरू खोज्नुपर्ने हुन्छ । सर्वप्रथम त भाषा सिकाइका निम्ति निर्धारित गरिएका उद्देश्यहरूको उपलब्धि तहसम्म पुग्नका लागि बनाइएको भाषाशिक्षण सम्बन्धी गोरेटो वा कार्यक्रमका रूपमा भाषा पाठ्यक्रमका रूपमा परिभाषित गर्न सकिन्छ । त्यसपछि क्रमशः विद्यालयका भाषा सिक्ने केटाकेटीहरू, भाषा सिकाउने कक्षाकोठाहरू भाषाशिक्षणका आवश्यकीय भवनहरू र फर्निचरहरूलाई भाषा पाठ्यक्रम मान्न सकिन्छ किनकि केटाकेटीहरूको अवस्था, उमेर, रुचि, आवश्यकता आदिअनुसार भाषा पाठ्यक्रम निर्देशित हुन्छ । साथै, कक्षाकोठा, भवन, र फर्निचर आदिको सहयोगले भाषाशिक्षणका वातावरण तथा व्यवस्थापन पक्षहरू निर्देशित हुनछन् । त्यसैगरी भाषा सिकाइको वास्तविक लक्ष्य र अर्थ प्राप्त गर्ने साधनका रूपमा पनि यसलाई परिभाषित गर्न सकिन्छ जुन भाषाशिक्षणका विभिन्न प्रक्रियाहरूमा ढालिएर वास्तविकतामा पुगी दर्शनमा परिणत भएको हुन्छ । भाषा पाठ्यक्रमलाई निम्नानुसार पनि चिनाउन सकिन्छ :

- **"विद्यालयभित्र वा बाहिरको परिवेशमा भाषाशिक्षणका अपेक्षित उद्देश्य प्राप्त गर्न गरिने यावत् प्रयासहरूलाई भाषा पाठ्यक्रम भनिन्छ ।"**

- **"भाषा सिक्ने विद्यार्थीहरूका सामाजिक, मानसिक, आध्यात्मिक तथा नैतिक विकासमा सहयोग पुग्ने विद्यालयभित्र र बाहिरका समग्र भाषिक अनुभवहरू एउटै कार्यक्रमका रूपमा भाषा पाठ्यक्रममा समावेश भएका हुन्छन् ।"**
- **"भाषा पाठ्यक्रम भनेको विद्यार्थीहरूलाई भाषिक दृष्टिले शिक्षण संस्था वा विद्यालयहरूमा शैक्षिक अनुभवहरू प्रदान गर्ने मानसिकताले तयार पारिएको सामाजिक समूहको एउटा ढाँचा हो ।"**
- **"भाषा पाठ्यक्रम भनेको मानव जातिको सम्पूर्ण भाषिक ज्ञान र अनुभवहरूको सार हो ।"**
- **"भाषा पाठ्यक्रम भनेको भाषाशिक्षकको त्यो साधन हो, जसको सहायताले उसले आÇनो भाषिक उद्देश्यहरू अनुसार आÇनाा छात्रछात्राहरूलाई कुनै पनि रूपमा ढाल्न सक्छ ।**
- **"भाषाशिक्षणको लक्ष्य हासिल गर्न बनाइएको कार्यक्रमलाई भाषा पाठ्यक्रम भनिन्छ ।"** (पूर्ववत् २०६०: २७०)

## २.५ भाषा पाठ्यक्रमका स्तम्भहरू :

अन्य विषयका पाठ्यक्रम र भाषा पाठ्यक्रममा भिन्नता हुन्छ । भाषा भनेको कला र सीपसम्बद्ध अभ्यासात्मक विषय हो । तर, अन्य कतिपय विषयहरू सीपमूलक नभएर ज्ञानमूलक बढी हुने भएकोले तिनको पाठ्यक्रमको प्रकृति र भाषा पाठ्यक्रमको प्रकृति एउटै किसिमको हुँदैन । पाठ्क्रमका स्तम्भहरू उनै भएर पनि प्रस्तुति स्वरूप भिन्न किसिमको हुन्छ जसलाई बुँदागत रूपमा निम्नानुसार देखाउन सकिन्छ ।

### २.५.१ उद्देश्य :

अन्य विषयका पाठ्यक्रमका उद्देश्य सम्बन्धित विषयको वैषयिक ज्ञान र सीपसँग सम्बद्ध हुन्छन् तर, भाषा पाठ्यक्रमका उद्देश्यहरू भाषिक सीपसम्बद्ध हुन्छन् । भाषा पाठ्यक्रममा केकस्ता सुन्ने सीप, केकस्ता बोल्ने सीप, केकस्ता पठनसीप र कस्ताकस्ता लेखन सीप हासिल गर्ने भन्ने नभएर वैषयिक ज्ञान र अवधारणाको ध्येय रहेको हुन्छ । त्यसैले, अन्य पाठ्यक्रममा विषयवस्तु प्रमुख र भाषा गौण हुन्छ भने भाषा पाठ्यक्रममा भाषा प्रमुख र विषयवस्तु गौण हुन्छ । भाषा पाठ्यक्रमका उद्देश्यहरू सम्बन्धित विषयक्षेत्रबाहेक अन्य विषयसम्बद्ध भाषिक कुराहरूमा मौन हुन्छन् ।

### २.५.२ विषयवस्तु :

अन्य विषयका पाठ्यक्रमका विषयवस्तु सम्बन्धित विषयका ज्ञान र अवधारणासँग सम्बन्धित गराएर छनोट गरिएका हुन्छन् र वैषयिक ज्ञानलाई सरलदेखि जटिलताको क्रममा स्तरण गरेर राखिएका हुन्छन् । तर, भाषा पाठ्यक्रमका विषयवस्तु विविध विषयक्षेत्रबाट लिइएका हुन्छन् र तिनलाई वैषयिक ज्ञानसँग नभई प्रयोजनपरक भाषिक ज्ञान र सीपसम्बद्ध बनाएर सरलदेखि जटिलताको क्रममा स्तरण गरेर राखिएका हुन्छन् । यसैगरी अन्य विषयका पाठ्यक्रममा छनोट गरिएका पाठ्यसामग्री अथवा पाठहरू एउटै निबन्धात्मक ढाँचामा प्रस्तुत गरिएका हुन्छन् तर भाषा पाठ्यक्रममा छनोट गरिएका विविध क्षेत्रका विषयवस्तु विभिन्न विधाका रूपमा परिणत गरेर प्रस्तुत गरिएका हुन्छन् । तर, भाषा पाठ्यक्रममा छनोट गरिएका विविध क्षेत्रका विषयवस्तुलाई विभिन्न विधाका रूपमा परिणत गरेर प्रस्तुत गरिएका हुन्छन् भने भाषा पाठ्यक्रममा पहिलो भाषी, दोस्रो भाषी र विदेशी भाषी विद्यार्थीका निम्ति अलगअलग प्रकारका पाठप्रकृतिहरू छनोट योग्य मानिन्छन् ।

## २.५.३ शिक्षण प्रक्रिया :

अन्य विषयका पाठ्यक्रमका शिक्षण प्रक्रिया र भाषा पाठ्यक्रमका शिक्षण प्रक्रिया पनि फरकफरक किसिमका हुन्छन् । भाषा पाठ्यक्रमका प्रक्रिया तथा विधिहरू भाषिक सीपविकासमूलक अभ्यास र पुनरावृत्तिमा केन्द्रित हुन्छन् । त्यसैले अन्य विषयका प्रक्रिया तथा विधिहरू सम्बन्धित विषयको ज्ञान प्रवर्द्धनमा केन्द्रित हुन्छन् । त्यसैले अन्य विषयका प्रक्रियाहरू व्याख्यान, छलफल र बोध प्रश्नोत्तर तथा विषयअनुसार प्रयोगात्मक अभ्यासमा केन्द्रित हुन सक्छन् तर भाषा पाठ्यक्रमका कार्यकलापहरू उक्तबाहेक अभिनयात्मक, अभ्यासात्मक, आवृत्तिमूलक, खोजमूलक, वक्तृतामूलक, श्रुतिबोधात्मक आदि असीमित किसिमका हुन्छन् ।

## २.५.४. शिक्षण सामग्री :

भाषा पाठ्यक्रममा श्रव्य, दृश्य, श्रव्यदृश्य, यान्त्रिक आदि विभिन्न सामग्रीहरूको निर्देश गरिएको हुन्छ । श्रव्य सामग्री भाषिक श्रवण र अन्य सीप प्रवर्द्धनसँग सम्बन्धित हुन्छन् । टेपरिकर्डर, रेडियो, ग्रामफोन आदि यस्तै सामग्री हुन् । त्यसैगरी दृश्य सामग्री अन्तर्गत शब्दपत्ती, अर्थपत्ती, वाक्यपती, तालिका आदिलाई लिन सकिन्छ, जसलाई पाठ्यक्रममा पर्याप्त महत्वका साथ निर्देश गरिएको हुन्छ । त्यसैगरी वैज्ञानिक विकासका साथै भाषाशिक्षणमा श्रव्य-दृश्य सामग्रीको पनि अपरिहार्यता बढ्दै गएको छ र तिनलाई सम्बद्ध पाठ्यक्रममा उपयुक्त स्थान दिइएको हुन्छ । अन्य पूरक सामग्री, स्रोत सामग्री आदि पनि बेग्लाबेग्लै उपयोग र उपादेयता लिएर प्रस्तुत गरिएका हुन्छन् ।

## २.५.५ मूल्याङ्कन प्रक्रिया :

भाषा पाठ्यक्रम र अन्य विषयका पाठ्यक्रममा मूल्याङ्कन प्रक्रियामा पनि ठूलो अन्तर रहेको हुन्छ । भाषा पाठ्यक्रमको मूल्याङ्कन भाषिक उपलब्धि प्रवर्द्धनमा सुसहायक हुने र सबलीकृत गर्ने प्रयोग अभ्यासमा केन्द्रित रहेको हुन्छ । अन्य विषयमा मूल्याङ्कन प्रक्रियाभन्दा भाषाका मूल्याङ्कन प्रक्रियाहरू असीमित किसिमका हुन्छन् । मौखिक-लिखित कार्यकलाप, प्रयोग सन्दर्भमूलक कार्यकलाप, अभिनयात्मक कार्यकलाप, श्रुतिबोधात्मक कार्यकलाप, पठनबोधात्मक कार्यकलाप, वक्तृतामूलक कार्यकलाप, संवादात्मक कार्यकलाप आदि प्रक्रियाबाट भाषिक मूल्याङ्कनलाई सबलीकरण गरिएको हुन्छ । त्यसैगरी भाषिक उच्चरण, शब्द निर्माण र प्रयोग, वाक्य गठन र वाक्यान्तरण, संश्लेषण-विश्लेषण, सान्दर्भिक व्याख्या, विवेचना र वर्णन, समीक्षात्मक एवम् सिर्जनात्मक कार्यकलाप, मुखमुद्रा, हाउभाउ, निबन्ध-प्रबन्ध, चिठी लेखन, बुँदाटिपोट, सङ्क्षेपीकरण, विस्तृतीकरण आदि असङ्ख्य विविधता भाषिक मूल्याङ्कनका लागि सान्दर्भिक भाषिक सीप प्रवर्द्धनमा आवश्यक मानिन्छन् । भाषाका स्रोत असङ्ख्य भएझैँ मूल्याङ्कन प्रक्रियाका स्रोत र तरिका पनि असीमित हुन्छन् । भाषिक प्रश्न र अन्य विषयका प्रश्न-प्रकृति पनि फरकफरक किसिमका हुन्छन् । भाषिक शुद्धता, शैली सौन्दर्य, आलङ्कारिक मिठास, बिम्बात्मक परिदृश्य, वाक्चातुर्य, लयात्मक मिठास, लेख प्रक्रियात्मक चातुर्य एवम् कुशलता आदि असीमित क्षेत्रहरू भाषिक मूल्याङ्कनमा समावेश हुन्छन् तर अन्य विषयका मूल्याङ्कनमा यस्ता विविध कुराहरूप्रति कुनै सरोकार हुँदैन ।

समग्रमा भाषा पाठ्यक्रम र अन्य विषयका पाठ्यक्रमहरूमा व्यापक विविधता र विशिष्टता रहेको हुन्छ । भाषिक पाठ्यक्रमका अङ्कभार र समयभार भाषिक सीपसम्बद्ध रहन्छन् तर अन्य पाठ्यक्रममा वैषयिक र तिनका एकाइ सम्बद्ध बनाएर प्रस्तुत गरिएका वा विभाजन गरिएका हुन्छन् । भाषा पाठ्यक्रममा भाषा नै शिक्षण माध्यम र भाषा नै साध्य वा गन्तव्य स्थान रहेको हुन्छ भने अन्य विषयका पाठ्यक्रममा भाषाशिक्षण माध्यम र सम्बन्धित वैषयिक ज्ञान साध्य वा गन्तव्य स्थान रहेको हुन्छ । (पूर्ववत्:२०६०:२७१-२७२)

## २.६ भाषा पाठ्यक्रम निर्माणका सिद्धान्त :

भाषा कसरी सिकिन्छ भन्ने कुराको केन्द्रमा रहेर नै भाषा पाठ्यक्रम निर्माण गरिन्छ । भाषा कसरी सिकिन्छ भन्ने कुरा मनोविज्ञानसँग सम्बन्धित हुन्छ । मनोभाषाविज्ञान अन्तर्गत मानवले कसरी भाषा सिक्छ अथवा आफूले प्राप्त गरेका ज्ञान र धारणा वा अनुभवहरूलाई कसरी भाषाको माध्यम दिँदै जान्छ भन्ने कुराको व्यवस्थित अध्ययन गर्ने गरिन्छ । यस सम्बन्धमा मनोभाषाविज्ञानमा भाषा सिकाइका लागि दुईवटा सिद्धान्तलाई आधार मानिन्छ :

### २.६.१ व्यवहारवादी सिद्धान्त :

यो सिद्धान्त मनोवैज्ञानिकहरूले जनावरहरूमा गरेका विभिन्न प्रयोगहरूमा आधारित गराएर विश्लेषण गरिएको सिद्धान्त हो । यस सिद्धान्तको मान्यता अनुसार भाषा सिकाइ भनेको सिकारुको वातावरणप्रतिको प्रतिक्रियाको परिणाम हो । सिकारुका लागि उसका वरिपरिका वातावरण, वस्तु र अवस्थाहरूप्रतिको प्रतिक्रिया देखाउनु नै सिकाइ हो भन्ने यस सिद्धान्तको धारणा रहेको पाइन्छ । भाषिक प्रतिक्रियाको आवृत्ति जति धेरै पटक भयो त्यति धेरै र सबल सिकाइ हुने भएकोले नियन्त्रित वातावरणको सिर्जना गरी विद्यार्थीहरूलाई त्यस वातावरणमा अभ्यस्त गराएर सिकाइ गर्न सकिन्छ भन्ने मान्यता यस सिद्धान्तले अगाडि सारेको छ । व्यवहारवादी सिद्धान्तका मूल मान्यताहरूलाई निम्न बुदाँमा प्रस्तुत गर्न सकिन्छ :

क) भाषा उत्तेजनात्मक प्रतिक्रियाका रूपमा सिकिने कुरा हो ।

ख) भाषा सिकाइमा अभ्यास र पुनरावृत्तिको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

ग) भाषा सिकेर सिकिने कला वा सीपमूलक कुरा भएकोले यो बानी निर्माणमा आधारित हुन्छ ।

घ) सिकारुका भाषा सिकाइ सम्बन्धी कार्यकलाप वा व्यवहारलाई सुनिश्चित गरी गति प्रदान गर्न र सुनियोजित बनाउन नियन्त्रित किसिमको सिकाइ वातावरण आवश्यक

हुन्छ ।

(पूर्ववत्: २०६०:२८६)

यस सिद्धान्तले भाषा सिकाइमा अभ्यास र पुनरावृत्तिको अपरिहार्यता प्रस्तुत गर्दछ जुन यसको महत्वपूर्ण प्राप्ति हो । यति हुँदाहुँदै पनि यस सिद्धान्तभित्र केही उल्लेख्य कमजोरीहरू पनि देखा पर्दछन् । तर जनावरहरूमा गरिएका प्रयोगमा आधारित सिद्धान्त भएकोले जनावर र मानिसका सिकाइ प्रवृत्तिहरूलाई एउटै श्रेणीमा राखेर हेर्नु यस सिद्धान्तको महत्वपूर्ण कमजोरी हो । चेतनशील र बौद्धिक प्राणीका रूपमा चिनिने मानिसले जनावरले जस्तै असचेत रूपमा सिक्न सक्छ भन्ने ठान्नु अतार्किक एवं अनुपयुक्त दृष्टिकोण हो ।

## २.६.२ मनोवादी सिद्धान्त :

यस सिद्धान्तले व्यवहारवादी सिद्धान्तको खण्डन गर्दछ । यस सिद्धान्तको मान्यता अनुसार सबै सिकारुले एउटै किसिमको सिकाइ प्रक्रिया र ढाँचामा भाषा सिक्न सक्दैनन् । भाषा सिकाइ हरेक व्यक्तिको वैयक्तिक भिन्नतामा भर पर्दछ । भाषा सिकाइ यान्त्रिक अभ्यास र बानी निर्माणबाट मात्र होइन, आन्तरिक एवं बौद्धिक क्षमताका आधारमा सम्भव हुन्छ भन्ने यस सिद्धान्तको मान्यता हो । मनोवादी सिद्धान्तका मूल मान्यतालाई निम्नलिखित बुँदामा प्रस्तुत गर्न सकिन्छ :

(क) भाषा सिक्ने वातावरण स्वतन्त्र किसिमको हुनुपर्छ र त्यो सिकारुको समझ र ज्ञानमा आधारित हुनुपर्छ ।

(ख) नियन्त्रित र सीमित वातावरण एवं सामग्रीको सहयोगले भन्दा अनियन्त्रित वा असीमित वातावरण र सामग्रीको सहयोगले जीवन्त भाषा सिक्न सकिन्छ ।

(ग) भाषा प्रयोगको लागि जति स्वतन्त्र वातावरण सिकारुले पाउँछ उति उसले अर्थपूर्ण भाषाको प्रयोग गर्न सक्छ । भाषा प्रयोगको अर्थपूर्णता कृत्रिम वातावरणभन्दा स्वतन्त्र वातावरणमा भाषा प्रयोग गर्न पाउने अवसरबाट सहज ढङ्गले प्राप्त हुन्छ । (पूर्ववत् २०६०:२८७)

व्यवहारवादी सिद्धान्त जनावरहरूको प्रयोग विश्लेषणमा आधारित छ भने मनोवादी सिद्धान्त बालकको भाषाविकासक्रमको सुव्यवस्थित निरीक्षण, प्रयोग तथा भाषाको सार्वभौम प्रकृतिको अध्ययनमा आधारित छ । व्यवहारवादी सिद्धान्तले भाषा सिक्नका लागि वातावरणमा जोड दिन्छ । भाषा सिकाइका लागि व्यवहारवादी सिद्धान्तभन्दा मनोवादी सिद्धान्त वढी वास्तविक र उत्कृष्ट सोच एवं प्रकृतिमा आधारित भए पनि शिक्षकका अधीनमा रहने भाषा सिकाइको वातावरण व्यवहारवादले निर्देश गरेकै किसिमको वा़य वातावरणमा आधारित रहेको पाइन्छ । यस परिस्थितिमा शिक्षकले भाषाशिक्षणमा मनोवादी सिद्धान्तलाई प्राथमिकतामा राखेर सिकारुको आन्तरिक व्याकरणका निम्ति समुचित वातावरण तयार गर्दै आन्तरिक व्याकरणमा जोड दिनु, शिक्षार्थीको पूर्वज्ञान र आन्तरिक क्षमताको प्रस्फुटनमा जोड दिनु, सिकारूलाई सक्रिय बनाउनु र स्वतन्त्र वातावरणको सिर्जना गरेर शिक्षण गर्नु उपयोगी हुन्छ ।

## २.७ भाषा पाठ्यक्रम निर्माणको प्रक्रिया :

भाषा पाठ्यक्रम निर्माण गर्दा भाषा सिकाइका सैद्धान्तिक मर्म अनुरूप निर्माण हुन सकोस् र अपेक्षित भाषिक आवश्यकताहरूको परिपूर्ति गर्न सकोस् भन्ने बारेमा पाठ्यक्रम निर्माता सचेत हुन अत्यन्त जरुरी हुन्छ । यसका लागि भाषा पाठ्यक्रम निर्माता भाषाको मर्मज्ञ भएर मात्र पुग्दैन, भाषा सिकाइ सिद्धान्त र पाठ्यक्रम निर्माण प्रक्रियाका साथसाथै पाठ्यक्रम विकासका अङ्ग, स्तम्भ र तिनको सङ्गठित प्रस्तुति दिन सक्ने खुबी र विशेषताले पनि युक्त

हुनु जरुरी हुन्छ । अन्य विषयका पाठ्यक्रम निर्माणका साथ-साथै भाषा पाठ्यक्रम निर्माण प्रक्रियामा पनि निम्नलिखित प्रक्रिया वा चरणहरूमा नै आधारित हुनुपर्दछ ।

(क) आवश्यकता विश्लेषण

(ख) लक्ष्य र उद्देश्यको निर्धारण

(ग) पाठ्यवस्तुको निर्धारण र प्रस्तुतिक्रम

(घ) शिक्षण प्रक्रिया (पूर्ववत्: २०६०:२८९)

## २.७.१ आवश्यकताको विश्लेषण :

भाषा पाठ्यक्रम निर्माण गर्दा लक्षित समूहको भाषिक आवश्यकता के हो त्यसको पहिचान गर्नु, आवश्यक हुन्छ र पहिचान गरिएका आवश्यकताहरूको उपयुक्त निदान गर्न सकिने खालका उद्देश्य छनोट गरेर सोही अनुरूप पाठ्यक्रम निर्माण गरिनुपर्छ । समग्र राष्ट्रिय आवश्यकता र सामाजिक आवश्यकता परिपूर्ति गर्ने मूल लक्ष्यभित्र उमेरगत, कक्षागत, तहगत र विषय क्षेत्रगत विभिन्न भाषिक आवश्यकता हुन सक्छन् । सामान्य भाषिक ज्ञान र सीप अथवा आधारभूत भाषिक आवश्यकता र विशेष क्षेत्रसम्बद्ध प्रयोजनपरक भाषिक आवश्यकताहरू बेग्लाबेग्लै हुन सक्छन् । त्यसैगरी, प्रथम भाषिक आवश्यकताहरू र दोस्रो भाषिक आवश्यकताहरू फरक फरक हुन सक्छन् अनि कथ्य माध्यमसँग सम्बन्धित आवश्यकता, लेख्य माध्यमसँग सम्बन्धित आवश्यकता तथा ग्रहण र बोधसँग सम्बन्धित आवश्यकता अथवा अभिव्यक्तिसँग सम्बन्धित आवश्यकता भिन्नभिन्न हुन् सक्छन् । यसरी भाषा पाठ्यक्रम निर्माण गर्दा वैयक्तिक, सामाजिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय, सामान्य, लिखित, मौखिक, उमेरगत, तत्कालीन, भावी, कक्षागत, तहगत, लैङ्गिक, सांस्कृतिक, वातावरणीय आदि विविध किसिमका आवश्यकताको पहिचान गर्नु प्रथम र अपरिहार्य हुन्छ ।

## २.७.२ लक्ष्य र उद्देश्यको निर्धारण :

भाषा पाठ्यक्रम निर्माणको दोस्रो चरणमा उद्देश्य निर्धारण गरिन्छ । भाषा पाठ्यक्रम निर्माण किन गर्ने ? भन्ने प्रश्नको उत्तरमा उद्देश्य केन्द्रित हुन्छ । उद्देश्य निर्धारण गर्दा लक्षित भाषिक समूहका भाषिक आवश्यकता, पृष्ठभूमि, स्तर, योग्यता, रुचि र सिकाइ प्रवृत्तिहरूलाई ध्यान दिनु आवश्यक हुन्छ । अपेक्षित भाषिक सीपहरूको प्रवर्द्धनमा सघाउ पुग्ने खालका भाषिक विषयवस्तु, पाठ्यसामग्री, पूरक सामग्री शिक्षण विधि एवं मूल्याङ्कन प्रक्रियाका यावत पक्षहरूलाई मार्गदर्शन गर्न सक्ने गरी भाषिक उद्देश्यहरूको निर्धारण गर्नुपर्छ । भाषिक उद्देश्यहरू सरल र व्यावहारिक हुनुपर्दछ । विद्यार्थीमा बोझ थुपार्नु मात्र नभएर सरल ढङ्गले भाषिक ज्ञान र सीप प्रवर्द्धन गर्नु शिक्षणको उद्देश्य भएकोले भाषिक उद्देश्य पनि त्यसै अनुरूप निर्धारण गरिनुपर्छ । उद्देश्यहरू मापन गर्न सकिने, सरल, व्यावहारिक, दोहोरो अर्थ नलाग्ने हुनुपर्छ । त्यसैगरी उद्देश्यहरू छनोट गर्दा योजना निर्माण गर्न सहायक हुने, शिक्षण विधि एवम् प्रक्रियाहरू छनोट गर्न र सामग्री छनोट गर्न सहायक हुने खालका पनि हुनु आवश्यक छ ।

## २.७.३ पाठ्यवस्तुको निर्धारण र प्रस्तुतिक्रम :

भाषिक आवश्यकताको विश्लेषण पश्चात् तय गरिएका लक्ष्य र उद्देश्यको सूची अनुरूप हुने गरी पाठ्य सामग्रीमा तह, कक्षा, स्तर, उमेर, पृष्ठभूमि, रुचि, प्रवृत्ति भाषिक विषयवस्तुको निर्धारण गर्नुपर्छ । भाषाका कथ्य, लेख्य स्रोत, विज्ञानप्रविधि, साहित्य, स्वास्थ्य, कानुन, सञ्चार, प्रशासन, राजनीति, अर्थजगत, खेलकुद, धर्म, संस्कृति, दर्शन, कला, सङ्गीत आदि स्रोतहरूबाट भाषिक विषयवस्तुहरू छनोट गरिनुपर्छ । त्यसैगरी, भाषाका आधारभूत सीप विकास गर्न सहयोगी हुने, किसिमका विधा, उपविधामा ढालेर पर्याप्त भाषिक अभ्यास गराउन मिल्ने गरी पाठ्यवस्तुहरू निर्धारण गर्नुपर्छ । उच्चारण, श्रुतिबोध, पठनबोध,

वर्णविन्यास, अनुलेख, वक्तृता, श्रुतिलेख, साफी लेख, सृजनात्मक, लेख, व्यावहारिक लेख, रचना, सङ्क्षेपीकरण, विस्तृतीकरण, वर्णन, व्याख्या, लयबोध र अभिव्यक्ति, छलफल, संवाद, वादविवाद, शैली, व्याकरण आदि कुराको अभ्यास गराउन मिल्ने पाठ्यवस्तुको चयन गर्नुपर्छ । त्यसैगरी छनोट गरिएका पाठ्यवस्तुहरू सरलबाट जटिलतिर, ज्ञातबाट अज्ञाततिर, प्रत्यक्षबाट अप्रत्यक्षतिर विशेषबाट सामान्यक्रममा प्रस्तुत गरिनुपर्छ । त्यस्ता विषयवस्तुहरू आवृत्ति भइरहने गरी चक्रिय क्रममा प्रस्तुत गर्नुपर्छ । प्रस्तुति क्रममा विद्यार्थीलाई बौद्धिक कसरत गर्नुपर्ने बोधयुक्त हुनेगरी विषयवस्तुको प्रस्तुति गरिनु हुन्न । पूर्व प्रसङ्ग र पूर्वपाठहरूको उपयोग हुन सक्नेगरी सरल र रूचिपूर्ण ढङ्गले विषयवस्तुको प्रस्तुतिक्रम मिलाउनु पर्छ ।

## २.७.४ शिक्षण प्रक्रिया :

शिक्षण प्रक्रिया भनेको तोकिएको विषयवस्तु वा पाठ्वस्तुहरूलाई उद्देश्य अनुरूपका उपलब्धि प्राप्त गराउन अपनाइने विधिप्रविधि र त्यसै अनुरूपका शिक्षण सामग्रीहरूको उपयोग र उपादेयता र सम्बन्धी कार्यकलाप हो । भाषिक विषयवस्तु र तिनका पाठ्यक्षेत्र अनुरूप व्याकरणनुवाद, प्रत्यक्ष, ध्वन्यात्मक, संरचनासन्दर्भ, भाषानियन्त्रण, पठन, मौन आदि प्रमुख विधिका साथै छलफल, प्रश्नोत्तर, अभ्यास, खेल, अभिनय, भूमिका, प्रदर्शन, परियोजना, योजना, व्याख्यान, प्रयोग, समस्या समाधान आदि विधिहरूको सान्दर्भिक उपयोग प्रक्रिया भाषा पाठ्यक्रममा सुझाइनु पर्छ । कुन पाठ्यवस्तुबाट केकस्ता क्रियाकलाप गराइने ? कार्यकलापको क्रम कसरी मिलाउने ? शिक्षकले के गर्ने ? विद्यार्थीले के गर्ने ? केकस्ता सामग्री उपयोग गर्ने जस्ता सुझाव पनि पाठ्यक्रममा सुझाइनु पर्दछ । कुन पाठ्यवस्तुबाट केकस्ता क्रियाकलाप गराउने ? कार्यकलापको क्रम कसरी मिलाउने ? शिक्षकले के गर्ने ? विद्यार्थीले के गर्ने ? केकस्ता सामाग्री उपयोग गर्ने जस्ता सुझाव पनि पाठ्यक्रममा दिइनुपर्छ ।

अपेक्षित उपलब्धिसम्म पुऱ्याउने शिक्षण सिकाइ विधि र प्रविधिसम्बन्धी महत्वपूर्ण निर्देशन शिक्षण प्रक्रिया नै भएकोले यसको प्रबन्ध गर्दा पाठ्यक्रम निर्माताले निकै कुशलता देखाउनु पर्छ । शिक्षण सिकाइ प्रक्रियाहरू सिकाइका मनोवैज्ञानिक प्रकृति र प्रवृत्ति अनुकूल हुन सकून्, मानवीय बुद्धि एवम् विकास र बालबालिकाका प्रवृत्ति अनुरूप हुन सकून, सिकारूका रूचि, उमेर, आवश्यकता अनुरूप शिक्षण सिकाइ प्रक्रियाहरू सञ्चालन हुन सकून्, शिक्षण प्रक्रियाले सिकारूका सामाजिक, वैयक्तिक, शारीरिक, मनोवैज्ञानिका लगायत सबैखाले भिन्नतालाई ध्यान पुऱ्याउन सकून् भन्ने कुरालाई ख्याल गर्नुपर्छ । शिक्षकले विद्यार्थीको रूचि, उमेर, मनोविज्ञानको ख्यालै नगरी कक्षामा गएर आफूले जानेजति व्याख्यान छाट्ने, विद्यार्थीलाई चुप लगाएर आफूमात्र पण्डित बनिरहने प्रवृत्तिबाट छुटकारा दिई असल र सफल शिक्षक, बन्न प्रेरित गर्ने कार्यक्रमा पनि शिक्षण प्रक्रियाले मद्दत पुऱ्याउनु पर्छ ।

## २.७.५ मूल्याङ्कन प्रक्रिया :

पाठ्यक्रम निर्माणको अन्तिम एवं अनिवार्य प्रक्रियाको रूपमा मूल्याङ्कन प्रक्रियाको समुचित निर्देशनलाई लिइन्छ । मूल्याङ्कन भनेको कुनै पनि कार्यक्रम वा योजना के कति सफल वा विफल भयो ? त्यसका केकस्ता पक्षहरू प्रभावकारी भए वा भएनन् ? भनेर निरीक्षण, अवलोकन, परीक्षण र प्रयोग आदिका माध्यमले लेखाजोखा गर्ने र निर्णयमा पुग्ने एक महत्वपूर्ण आधार हो । भाषा पाठ्यक्रम अन्तर्गत झन् मूल्याङ्कन प्रक्रियाको ठूलो महत्व र उपादेयता रहेको हुन्छ ।

भाषाशिक्षण स्वयम्मा सीपमूलक र कलापरक भएकोले यसको सुधार र प्रवर्द्धनका लागि निरन्तर मूल्याङ्कन र अनुगमनको खाँचो पर्दछ । वैयक्तिक ज्ञानभन्दा भाषाका आधारभूत सीप विकास भाषा पाठ्यक्रमको अपेक्षा रहने भएकोले मूल्याङ्कनका प्रक्रियागत विविधको खाँचो पर्दछ । व्याकरणात्मक शुद्धि, प्रयुक्तिगत उपयुक्तता शैली सौन्दर्यगत मिठास, प्रयोजनपरक कुशलता, विधागत विविधता तथा सीपगत विविधता अनुरूप मूल्याङ्कन प्रक्रियामा पनि अन्य

विषयमा भन्दा भाषा विषयमा बढी विविधता हुन्छ । त्यसर्थ केकस्ता भाषिक मूल्याङ्कनका प्रक्रिया र साधान अपनाएर भाषाका हरेक पक्षहरूको सान्दर्भिक मूल्याङ्कन गरी तिनमा आवश्यक सुधार र परिमार्जन गर्नु आवश्यक हुन्छ भन्ने बारेमा भाषा पाठ्यक्रम निर्माता ज्यादै सचेत भएर निर्देशन गर्नु आवश्यक हुन्छ । भाषिक मूल्याङ्कनकै प्रभावकारिताबाट भाषा पाठ्यक्रम सफल वा विफल हुने भएकोले भाषिक उद्देश्य र अपेक्षाअनुरूप मूल्याङ्कन प्रक्रियागत विविधता र उपयुक्तताको निर्देशन अपरिहार्य मानिन्छ ।

## २.७.६ सारांश

भाषा पाठ्यक्रम र अन्य विषयका पाठ्यक्रममा व्यापक विविधता रहेको हुन्छ भन्ने कुरा उपर्युक्त तथ्यहरूबाट स्पष्ट हुन्छ । भाषिक पाठ्यक्रमका अङ्कभार र समयभार भाषिक सीपसम्बद्ध हुन्छन् तर अन्य पाठ्यक्रममा वैषयिक क्षेत्र र तिनका एकाइसम्बद्ध बनाएर प्रस्तुत गरिएका वा विभाजन गरिएका हुन्छन् । पाठ्यक्रमका स्तम्भहरू नै भाषा पाठ्यक्रमका पनि स्तम्भ भए पनि उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया, शिक्षण सामग्री र मूल्याङ्कन प्रक्रियामा भाषा पाठ्यक्रम र अन्य विषयका पाठ्यक्रममा धेरै भिन्नता रहेको हुन्छ । त्यसैगरी भाषा पाठ्यक्रम निर्माणका सिद्धान्त र प्रक्रिया तथा अन्य विषयका पाठ्यक्रम निर्माणका सिद्धान्त र प्रक्रियामा पनि भिन्नता रहेको हुन्छ ।

# अध्याय-तीन

# माध्यमिक तथा उच्च माध्यमिक तहका अनिवार्य नेपाली भाषा पाठ्यक्रमको तुलना

## ३.१ उद्देश्यका आधार पाठ्यक्रमको तुलना :

उद्देश्य पाठ्यक्रमको केन्द्रीय अङ्ग हो । उद्देश्यकै आधारमा विषयवस्तु, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियाहरू निर्देशित भएका हुन्छन् । सम्बन्धित भाषा सिकेर कुनै खास तह, कक्षा र वर्ष पार गरेपछि सिकारू अथवा विद्यार्थीहरूमा प्राप्त हुनुपर्ने ज्ञान, सीप र अभिवृत्ति के हो भन्ने कुरा नै उद्देश्य हो । माध्यमिक तथा उच्च माध्यमिक तहका अनिवार्य नेपाली भाषा पाठ्यक्रमको तुलना गर्दा दुवै पाठ्यक्रममा साधारण उद्देश्य र विशिष्ट उद्देश्यहरू दिइएको छ । माध्यमिक तहका विशिष्ट उद्देश्यलाई सुनाइ, बोलाइ, लेखाइ र पढाइ गरी छुट्टाछुट्टै उल्लेख गरिएको छ भने उच्च माध्यमिक तहको अनिवार्य नेपालीमा पाठ्यक्रमका उद्देश्यहरूलाई भाषिक सीपगत आधारमा अर्थात् सुनाइ, बोलाइ, लेखाइ र पढाइका आधारमा छुट्याइएको छैन । माध्यमिक तह (कक्षा-१०) र उच्च माध्यमिक तह (कक्षा-११) का अनिवार्य नेपाली भाषा पाठ्यक्रमका उद्देश्यहरूलाई निम्नानुसार दिइएको छ :

### ३.१.१. माध्यमिक तहको अनिवार्य नेपाली भाषा पाठ्यक्रमका साधारण उद्देश्यहरू :

माध्यमिक तहको अध्ययन पूरा गरेपछि विद्यार्थीहरू नेपाली भाषा विषयका निम्नलिखित कुराहरूमा सक्षम हुनेछन् :

१. विभिन्न सन्दर्भमा व्यक्त भएका हाउभाउसहितका मौखिक अभिव्यक्तिहरूलाई ख्याल गरेर प्रतिक्रिया जनाउने गरी सुन्न,
२. सञ्चारका विभिन्न माध्यमबाट व्यक्त भएका विषयवस्तु र घटनालाई सुनेर बुझ्न,
३. आफूले पढेका र सुनेका शब्दहरूको शुद्धसँग उच्चारण गर्न,
४. कुराकानी, प्रश्नोत्तर, संवाद, छलफल, वादविवादजस्ता गतिविधिमा प्रभावकारी रूपमा मौखिक अभिव्यक्ति दिन,
५. देखेका, सुनेका र पढेका घटना तथा विषयवस्तुहरू बुझी तिनका आधारमा मौखिक प्रश्नोत्तर गर्न,
६. लिखित सामग्रीहरूलाई  गति, यति र लय मिलाई भावअनुसार शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न,
७. कथा, कविता, निबन्ध आदि साहित्यिक रचना रुचि लिई पढ्न,
८. लिखित सामग्रीलाई विभिन्न प्रयोजनका लागि पढ्न र पढाइको गति विकास गर्न,
९. शुद्धसँग हिज्जे (वर्णविन्यास) र लेख्य चिन्हहरू मिलाई लेख्न,
१०. व्यवहारमा उपयोगी हुने पत्रहरू लेख्न,
११. स्वतन्त्र रूपमा अनुच्छेद, दैनिकी र निबन्धको रचना गर्न,
१२. बोल्दा तथा लेख्दा सन्दर्भ अनुसार शिष्ट र उपयुक्त भाषाको प्रयोग गर्न,
१३. मौखिक तथा लिखित रूपमा अभिव्यक्त भएका विषयवस्तु बुझी मुख्यमुख्य कुरा व्यक्त गर्न,
१४. बोल्दा र लेख्दा उखान टुक्काको समेत प्रयोग गर्न,
१५. नेपाली व्याकरणका आधारभूत नियमको पालना गरी अभिव्यक्ति दिन,

१७. विभिन्न विषयवस्तु पढी शब्दभण्डार बढाउन ।

यसरी माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रमका साधारण उद्देश्यहरूलाई विभिन्न सत्र बुँदामा समेटिएको छ । उपर्युक्त उद्देश्यहरूले मौखिक अभिव्यक्ति क्षमताको विकास, बोधक्षमता, शुद्ध उच्चारण, शुद्ध र स्पष्ट वाचन क्षमता, सिर्जनात्मक क्षमता, गति, यति र लयको विकास, वर्णविन्यास तथा व्याकरणका आधारभूत नियम तथा प्रयोगको ज्ञान, शिष्ट तथा उपयुक्त भाषिक सीपको विकास, उखानटुक्काको प्रयोग, शब्दकोषको प्रयोग तथा शब्दभण्डारको विकास गर्ने कुराहरूमा जोड दिएको छ ।

## ३.१.२. उच्च माध्यमिक तहको अनिवार्य नेपाली भाषा पाठ्यक्रमका साधारण उद्देश्य :

यो पाठ्यांश पूरा गरेपछि विद्यार्थीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन् :

क) स्तरअनुरूप विभिन्न क्षेत्रमा प्रयोगहरू कथ्य र लेख्य नेपाली भाषा सम्बन्धी बोध र अभिव्यक्ति क्षमता बढाउन,

ख) नेपाली भाषाका पुस्तक, पत्रिका, लेख आदि सामग्री पढी स्तरीय भाषामा बुँदा टिपोट, सङ्क्षेपीकरण, विवेचना र समीक्षा गर्ने क्षमता वृद्धि गर्ने,

ग) व्यावहारिक सन्दर्भका अनुच्छेद, चिठ्ठी, सूचना, विज्ञापन टिप्पणी, प्रतिवेदन आदि प्रयोगमा देखिएका भाषिक त्रुटिहरूप्रति सचेत भई तिनको निराकरणतर्फ उन्मुख हुन,

घ) वर्णविन्यास, शब्दभण्डार, व्याकरण र वाक्यतत्व सम्बन्धी स्तरीय भाषामा भाव अभिव्यक्त गर्ने सुझ प्राप्त गर्ने,

उच्च माध्यमिक तहको अनिवार्य नेपाली भाषा पाठ्यक्रमका उपर्युक्त साधारण उद्देश्यहरूमा पनि बोधअभिव्यक्ति क्षमताको विकास, विवेचनात्मक तथा समीक्षात्मक क्षमताको विकास,

भाषिक त्रुटिहरूको निराकरण, व्याकरण, शब्दभण्डार, वर्णविन्यास तथा वाक्यतत्व सम्बन्धी विकासमा जोड दिएको छ ।

## ३.१.३ माध्यमिक तह (कक्षा १०) नेपाली भाषा पाठ्यक्रमका विशिष्ट उद्देश्यहरू :

### ➢ सुनाइ र बोलाइ :

१. हाउभाउ, आघात, लय, चेष्टा, अभिनय आदिको ख्याल गरी सन्दर्भअनुसार अभिव्यक्ति सुनेर मौखिक रूपमा व्यक्त गर्न,

२. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,

३. आफूले देखेसुनेका र पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई व्यक्त गर्न,

४. विभिन्न प्रकारका मौखिक अभिव्यक्तिहरू सुनेर तार्किक रूपमा आफ्नो विचार व्यक्त गर्न,

५. कुराकानी, प्रश्नोत्तर, संवाद, मनोवाद, वादविवाद आदि मौखिक अभिव्यक्तिहरूमा सक्रिय रूपले सहभागिता दशार्उन,

६. आफूले भन्न चाहेका कुरालाई शिष्ट र उपयुक्त भाषाशैलीमा अभिव्यक्ति दिन,

७. मौखिक रूपमा अभिव्यक्त भएका विषयवस्तु बुझी आफ्ना शब्दमा मुख्यमुख्य कुरा भन्न,

८. सन्दर्भअनुसार उखानटुक्काको प्रयोग गरी बोल्न ।

### ➢ पढाइ

१. लिखित सामग्रीलाई गति, यति र लय मिलाइ शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न,

२. लिखित सामग्रीको मौनवाचन गरी पढाइको गति विकास गर्न,

३. मुख्यमुख्य कुराहरू बुझ्ने गरी विभिन्न विषयवस्तुको प्रकृतिअनुसार पढ्न,

४. विभिन्न पाठहरू तथा तिनका विशिष्ट अंशहरूको व्याख्या/सप्रसङ्ग व्याख्या एवं विवेचना गर्न सक्ने गरी पढ्न,

५. विभिन्न विषयवस्तु पढी शब्दभण्डार वृद्धि गर्न,

६. लिखित सामग्रीलाई विभिन्न प्रयोजनका लागि पढ्न ।

➢ **लेखाइ**

१. वर्णविन्यास (हिज्जे) र लेख्य चिन्हहरू मिलाई लेख्न,

२. सफा र स्पष्टसँग लेख्न र लेखेको कुरा सच्याउन,

३. विभिन्न विषयहरू अुच्छेद लेख्न,

४. आफूले देखेका, सुनेका र पढेका घटना तथा विषयवस्तुका बारेमा लिखित वर्णन गर्न,

५. मौखिक तथा लिखित अभिव्यक्तिहरूको बुँदा टिपोट गर्न र सारांश लेख्न,

६. विभिन्न पाठ तथा तिनका विशिष्ट अंशहरूको व्याख्या, सप्रसङ्ग व्याख्या र विवेचना गर्न,

७. व्यवहारमा उपयोगी हुने निवेदन, चिठ्ठी, निमन्त्रण, शुभकामनाजस्ता पत्रहरू लेख्न,

८. संवाद, मनोवाद, वादविवाद र निबन्ध लेख्न,

९. प्रचलित र सान्दर्भिक विभिन्न शब्द तथा उखान टुक्काहरूको अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न,

१०. लिखित अभिव्यक्तिको क्रममा व्याकरणमा आधारभूत नियम पालन गर्न ।

माध्यमिक तह (कक्षा १०) को अनिवार्य नेपाली भाषा पाठ्यक्रमका उपर्युक्त विशिष्ट उद्देश्यहरूअन्तर्गत भाषिक सीपगत पक्षलाई जोड दिँदै सुनाइ र बोलाइ, लेखाइ र पढाइका छुट्टाछुट्टै उद्देश्य निर्धाण गरेको छ । उपर्युक्त सीपहरू भाषाका आधारभूत सीप हुन् । सुनाइ र पढाइ ग्रहणात्मक वा भावनात्मक सीपहरू हुने भने बोलाइ र लेखाइ अभिव्यक्तिगत वा प्रदानात्मक सीप हुन् । उद्देश्यकै आधारमा विश्लेषण गर्दा यस पाठ्यक्रमले भाषिक सीप विकासको पक्षलाई बलियो गरी उठाएको देखिन्छ ।

## ३.१.४. उच्च माध्यमिक तह (कक्षा ११) को अनिवार्य नेपाली भाषा पाठ्यक्रमका विशिष्ट उद्देश्यहरू :

उच्च माध्यमिक तहको भाषा पाठ्यक्रमको अध्ययनपछि विद्यार्थीहरू निम्नलिखित कुरामा सक्षम हुनेछन् :

(क) सम्बन्धित स्तरका पाठ्यसामग्रीहरूबाट बोध, बुँदाटिपोट र सङ्क्षेपीकरण गर्न,
(ख) सामान्य र प्राविधिक शब्दहरूको अर्थ दिन र सन्दर्भअनुरूप प्रयोग गर्न,
(ग) अभिव्यक्तिमा प्रयोग हुने शब्दहरूको उपयुक्त वर्णविन्यास लेख्न,
(घ) निर्धारित प्रक्रियाको उपयोग शब्दहरूको निर्माण गर्न र शब्दहरूको वर्ग पहिल्याउन,
(ङ) नेपाली वाक्य रचनाका प्रमुख पक्षहरूको ज्ञानगरी तिनको उपयुक्त प्रयोग गर्न,
(च) अनुच्छेद, चिठ्ठी, सूचना तथा विज्ञापन लेख्न,
(छ) निबन्ध, टिप्पणी तथा प्रतिवेदन लेख्न र,
(ज) साहित्यिक कृतिको समीक्षा गर्न ।

उपर्युक्त दुवै पाठ्यक्रमका उद्देश्यहरूको तुलना गर्दा उच्च माध्यमिक तहको भाषा पाठ्यक्रमका लागि निर्धारण गरिएका उद्देश्यहरू भाषिक सीप विकासका दृष्टिले अपर्याप्त देखिन्छन् । भाषाशिक्षणमा विषयवस्तु गौण र भाषिक सीपहरू प्रमुख हुन्छन् । कक्षाको स्तरअनुसार सबै सीपहरूको शिक्षण गर्नु आवश्यक हुन्छ भने कक्षा वा स्तर वृद्धि हुँदै जाँदा सीपहरू पनि स्तरीय हुँदै जान्छन् । त्यसैगरी उच्च माध्यमिक तहको अनिवार्य नेपाली भाषा पाठ्यक्रमका उद्देश्यमा भाषिक कला विकासका आवश्यक तत्वहरू श्रवणकला, वक्तृत्वकला, पठनकला र वाचनकलासँग सम्बद्ध कुराहरू स्पष्टसँग समेट्न सकेको देखिँदैन ।

## ३.२ विषयवस्तुको क्षेत्र र क्रमका आधारमा माध्यमिक तथा उच्च माध्यमिक तहका अनिवार्य नेपाली भाषा पाठ्यक्रमको तुलना :

पाठ्यक्रमको दायरालाई नै यसको क्षेत्र भनिन्छ । कुन तहका लागि कुन उद्देश्य बोकेर कहाँसम्म जाने र कति अवधिका लागि जाने भन्ने कुरा नै विषयवस्तुको क्षेत्र हो । विद्यार्थीको स्तर, उमेर शैक्षिक उद्देश्य, शिक्षण विधि, शिक्षण क्रियाकलाप र मूल्याङ्कन विषयवस्तुको क्षेत्रका मुख्य आधार हुन । साथै, केकति समयमा अध्ययन अध्यापन गराउने भन्ने कुराको निर्धारण पनि क्षेत्रभित्र पर्दछ । कति समयभित्र पाठ्यक्रमको कति विषयको ज्ञान र सीप कति मात्रामा प्राप्त गर्ने भन्ने विषय निश्चित हुनु आधुनिक पाठ्यक्रमको अपरिहार्य कुरा हो ।

त्यसैगरी, भाषाशिक्षणमा स्तरण वा क्रम विस्तारको पनि त्यतिकै महत्व रहेको हुन्छ । वर्णको ज्ञान नभई शब्दको ज्ञान गराउन खोजियो भने प्रभावकारी हुन सक्दैन । उच्चारण अभ्यास नगराई कुराकानी गर्न लगाउनु, सस्वर वाचन गर्न नजान्नेलाई मौन वाचन गर्न लगाउनु जस्ता क्रियाकलापहरू पाठ्यक्रमको क्रम विपरीत हुन्छन् । सरलबाट जटिल, ज्ञातबाट अज्ञात, प्रत्यक्षबाट अप्रत्यक्ष, सामान्यबाट विशिष्ट, स्थूलबाट सूक्ष्म जस्ता कुराको क्रम मिलाई पाठ्यक्रमका विषयवतु समावेश हुनुपर्छ । त्यसर्थ भाषा पाठ्यक्रममा पहिलो पाठभन्दा दोस्रो र दोस्रो पाठभन्दा तेस्रो पाठ क्रमशः स्तरीकृत, श्रृङ्खलित र आवृत्तिमूलक हुँदै जानु आवश्यक  हुन्छ । माध्यमिक तथा उच्च माध्यमिक तहको अनिवार्य नेपाली भाषा पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुको क्षेत्र र क्रम तथा अङ्कभार र समयभार निम्नानुसार दिइएको छ ।

# विषयवस्तुको क्षेत्र र क्रम

## तालिका १

| माध्यमिक तह (कक्षा १०) | | | | उच्च माध्यमिक तह (कक्षा ११) | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. स. | विषयवस्तु (विधा/भाषातŒव) | अङ्क भार | समयभार (मिनेटमा) | क्र. स. | विषयवस्तु(विधा/भाषातत्व) | अङ्क भार | समयभार (मिनेटमा) |
| ज्ञ | शब्दार्थ | द्ध | ठ | ज्ञ | नेपाली वर्ण र अक्षर संरचना | छ | ठ |
| द्द | शब्दज्ञान | घ | छ | द्द | लिपि, लेख्यचिन्ह, वर्णविन्यास र पदक्रम | छ | ठ |
| घ | वाक्यमा प्रयोग | छ | ढ | घ | नेपाली शब्दभण्डार, शब्दवर्ग, शब्दव्युत्पादन र रूपायन प्रक्रिया | ज्ञण | ज्ञद्ध |
| द्ध | शुद्धीकरण | घ | छ | द्ध | शब्दनिर्माण (उपसर्ग, परसर्ग, समास द्वित्व र सन्धि प्रक्रिया) | ज्ञण | ज्ञद्ध |
| छ | लेख्यचिन्ह प्रयोग | द्द | द्ध | छ | वाक्यतŒव र वाक्यान्तरण (काल, पक्ष, भाव, वाच्य, करण अकरण, लिङ्ग वचन, पुरुष, आदर, कारक विभक्ति, वाक्य, धातु, आदि) | द्दण | द्दड |
| ट | शब्दवर्ग | द्ध | ठ | ट | पठनवोध (दृष्टांश/अदृष्टांश) (अनुच्छेद पढी बोध प्रश्नको उत्तर दिने) | ज्ञण | द्दण |
| ठ | शब्दनिर्माण (उपसर्ग/प्रत्यक्ष) | द्द | घ | ठ | पठनवोध (बुँदाटिपोट/सङ्क्षेपीकरण) | छ | ज्ञद्द |
| ड | शब्दनिर्माण (समास/विग्रह) | द्द | घ | ड | अनुच्छेद रचना तथा पत्र रचना | छ | ज्ञद्द |
| ढ | काल, पक्ष र भाव | छ | ढ | ढ | निबन्ध, टिप्पणी तथा प्रतिवेदन रचना | ज्ञण | द्दद्द |
| ज्ञण | वाक्यपरिवर्तन तथा वाक्यसंश्लेषण | छ | ढ | ज्ञण | कृति समीक्षा (नाटक, एकाङ्की तथा उपन्यास) | ज्ञण | द्दद्द |
| ज्ञज्ञ | बोध प्रश्नोत्तर (अदृष्टांश) | छ | ढ | ज्ञज्ञ | कृति समीक्षा (कथा, कविता, निबन्ध) | ज्ञण | द्दद्द |
| ज्ञद्द | बुँदाटिपोट र सारांश (दृष्टांश) | छ | ढ | | | ज्ञणण | घ घन्टा |
| ज्ञघ | कथा वा जीवनीलेखन | छ | ढ | | | | |
| ज्ञद्ध | चिट्ठी लेखन | छ | ढ | | | | |
| ज्ञछ | वादविवाद, संवाद र मनोवाद | छ | ढ | | | | |
| ज्ञट | निबन्ध | ज्ञण | ज्ञड | | | | |
| ज्ञठ | कथा, कविता, निबन्ध, प्रबन्ध तथा जीवनीबाट सप्रसङ्ग व्याख्या | छ | ढ | | | | |
| ज्ञड | कथा, कविता, निबन्ध, प्रबन्ध, रूपक जीवनीबाट सङ्क्षिप्त उत्तारात्मक प्रश्न | छ×हघ. ज्ञछ | द्दठ | | | | |
| ज्ञढ | कथा, निबन्ध, प्रबन्ध र जीवनीबाट विवेचनात्मक प्रश्न | ज्ञण | द्दण | | | | |
| | | ज्ञणण | ३ घन्टा | | | | |

माध्यमिक तथा उच्च माध्यमिक तहको भाषा पाठ्यक्रमको उपर्युक्त क्षेत्र र क्रम तथा अङ्कभार र समयभारको तुलना गर्दा समान्यतः भाषा पाठ्यक्रमको स्तरण र क्रमको सैद्धान्तिक आधार समातेको नै देखिन्छ । यद्यपि, माध्यमिक तहको पाठ्यक्रममा वर्ण तथा अक्षर संरचना सम्बन्धी विषयवस्तु समावेश गरिएको देखिँदैन तर उच्च माध्यमिक तहको पाठ्यक्रमको प्रारम्भमा नै वर्ण तथा अक्षर संरचना समावेश गरिएको छ । यसर्थ, माध्यमिक तहको पाठ्यक्रममा समेत वर्ण तथा अक्षर संरचना सम्बन्धी विषयवस्तु समावेश गरिनु पर्ने देखिन्छ । त्यसैगरी माध्यमिक तथा उच्च माध्यमिक तहको पाठ्यक्रममा समावेश गरिएका विधा र कृतिहरू निम्नानुसार समावेश गरिएका छन् ।

## विधा वितरण

## तालिका २

| क्र.स. | विधा | कक्षा १० | कक्षा ११ |
|---|---|---|---|
| ज्ञ | कथा | क) सामाजिक कथा -१<br>ख) मनोवैज्ञानिक कथा -१<br>ग) पौराणिक कथा -१ | क) समाजिक कथा -३<br>ख) मनोवैज्ञानिक कथा -२ |
| द्द | कविता | क) नीतिप्रधान कविता -१<br>ख) प्रकृतिप्रधान कविता -१<br>ग) समाजप्रधान कविता -१ | क) नीतिप्रधान कविता -१<br>ख) मानवीय आदर्शप्रधान कविता -१<br>ग) सामाजिक चेतनाप्रधान कविता -१<br>घ) परिवर्तनमुखी चेतनाप्रधान कविता -१<br>ङ) संस्कृतिप्रधान कविता -१<br>च) देशभक्तिको भावनाप्रधान कविता -१ |
| घ | निबन्ध | क) सामाजिक निबन्ध -१<br>ख) सांस्कृतिक निबन्ध -१<br>ग) प्राविधिक निबन्ध -१ | क) ऐतिहासिक निबन्ध (आत्मपरक) - १<br>ख) वैचारिक निबन्ध (आत्मपरक) - १<br>ग) हास्यव्यङ्ग्यात्मक निबन्ध (आत्मपरक) - १ |
| द्ध | जीवनी | क) ऐतिहासिक जीवनी -१<br>ख) सास्कृतिक जीवनी -१<br>ग) अन्तर्राष्ट्रिय व्यक्तित्व -१ | |
| छ | नाटक/एकाङ्की | क) समाजिक एकाङ्की -१ | क) ऐतिहासिक एकाङ्की - १<br>ख) सामाजिक एकाङ्की - १<br>ग) यथार्थवादी/सामाजिक एकाङ्की - १ |
| ट | उपन्यास | सामाजिक उपन्यास -१ | |
| ठ | मनोवाद/वादविवाद | क) देशभक्ति प्रधान -१ | |
| ड | संवाद | ख) कर्तव्य प्रधान -१ | |
| ढ | चिट्ठी/दैनिकी | १ | १ |

उपर्युक्त तालिका अनुसार माध्यमिक तथा उच्च माध्यमिक तहमा समावेश गरिएका विषयवस्तु तथा विधाको वितरणलाई तुलना गर्दा माध्यमिक तहको तुलनामा उच्च माध्यमिक तहको पाठ्यक्रममा समविष्ट विधाहरूको क्षेत्र र क्रम असन्तुलित देखिन्छ । कथा विधाअन्तर्गत कक्षा १० मा सामाजिक, मनोवैज्ञानिक र पौराणिक क्षेत्रका एक/एकवटा गरी तीनवटा कथा समावेश भएका छन् भने उच्च माध्यमिक तहमा समाजिक तथा मनोवैज्ञानिक क्षेत्रबाट मात्र पाँचवटा कथा समावेश गरिएको छ । कविता विधा अन्तर्गत माध्यमिक तहको पाठ्यक्रममा विभिन्न क्षेत्रका तीनवटा कविता समावेश भएका छन् भने उच्च माध्यमिक तहको पाठ्यक्रमा पाँचवटा कविता समावेश गरिएका छन् । निबन्ध विधा अन्तर्गत दुवै तहको पाठ्यक्रममा विभिन्न क्षेत्रका तीन/तीनवटा निबन्ध समावेश भएका छन् । त्यसै माध्यमिक तहको पाठ्यक्रममा विभिन्न क्षेत्रका तीनवटा जीवनी समावेश गरिएको छ भने उच्च माध्यमिक तहको पाठ्यक्रममा जीवनी विधा समावेश गरिएको छैन । नाटक तथा एकाङ्की अन्तर्गत माध्यमिक तहमा एउटा मात्र एकाङ्की  समावेश गरिएको छ भने उच्च माध्यमिक तहको पाठ्यक्रममा एउटा एकाङ्की र एउटा नाटक समावेश गरिएको छ । त्यस्तै उच्च माध्यमिक तहको पाठ्यक्रममा एउटा उपन्यास समावेश गरिएको छ भने माध्यमिक तहको पाठ्यक्रममा उपन्यास समावेश गरिएको छैन । माध्यमिक तहको पाठ्यक्रममा मनोवाद, संवाद, वादविवाद, दैनिक जस्ता विषयवस्तु समावेश गरिएको छ भने उच्च माध्यमिक तहको पाठ्यक्रममा उक्त विषयवस्तु समावेश गरिएको छैन । यसर्थ, माध्यमिक तहको पाठ्यक्रमको तुलनामा उच्च माध्यमिक तहको पाठ्यक्रममा भाषिक सीप तथा कला पक्षमा कम ध्यान पुगेको देखिन्छ ।

## ३.३ शिक्षण सामग्रीका आधारमा माध्यमिक तथा उच्च माध्यमिक तहको पाठ्यक्रमको तुलना :

भाषाका विविध पाठ्यवस्तुहरूको प्रभावकारी शिक्षण गर्न शिक्षकले पाठप्रस्तुतिका क्रममा सहायक सामग्रीको रूपमा उपयोग गर्ने विभिन्न सामग्रीलाई शिक्षण सामग्री भन्न सकिन्छ ।

शिक्षण सामग्रीले शिक्षणलाई उद्देश्यपूर्ण, रोचक, उत्प्रेरक, आकर्षक र चिरस्थायी बनाउन मद्दत गर्दछ । त्यसैगरी पाठका जटिल अंशलाई सरल ढङ्गले बुझाउन, सिकाइ तत्परता र कक्षा सहभागिता बढाउन, अमूर्त कुरालाई मूर्त रूपमा प्रस्तुत गर्न, कक्षालाई जीवन्तता प्रदान गर्न र शिक्षकको कार्यबोझ घटाउन पनि शिक्षण सामग्रीको भूमिका महŒवपूर्ण रहेको हुन्छ । शिक्षण सामग्रीमा दैनिक प्रयोगका सामग्रीहरू पाठ्यपुस्तक, कालोपाटी, चक, डस्टर आदि पर्दछन् । शिक्षक निर्मित सामग्री अन्तर्गत प्रतिमूर्ति, चित्र, पत्तीहरू, गोजी तालिका आदि पर्दछन् । मौखिक सामग्री अन्तर्गत उदाहरण, प्रश्न, छलफल, आदि पर्दछन् । सङ्कलित सामग्रीअन्तर्गत पत्रपत्रिका, तस्बिर, वास्तविक वस्तु, पोस्टर आदि पर्दछन् । त्यसैगरी, विद्युतीय सामग्री अन्तर्गत टेपरेकर्डर, रेडियो, टि.भी., भिडियोटेप, प्रोजेक्टर, फिल्म, स्लाइड आदि पर्दछन् ।

माध्यमिक तथा उच्च माध्यमिक तहका पाठ्यक्रममा शिक्षण सामग्री तोकेर समावेश गरिएको छैन । पाठ्यसामग्रीको रूपमा मुख्यतः पाठ्यपुस्तक, दैनिक प्रयोगका सामग्री तथा मौखिक सामग्रीलाई नै उपयोग गर्ने गरेको पाइन्छ । माध्यमिक तथा उच्च माध्यमिक तहका पाठ्यक्रममा शिक्षण निर्देशिकालाई पनि महŒवपूर्ण सामग्रीको रूपमा लिन सकिन्छ तर अधिकांश शिक्षकले शिक्षण निर्देशिकाको समेत उपयोग गरेको पाइँदैन । पाठ्यसामग्री तथा अन्य शिक्षण सामग्रीको प्रयोग गर्दा शिक्षकले नै बढी सचेतता, सिर्जनशीलता र जागरुकता अपनाएर शिक्षण गर्नुपर्छ तर धेरै शिक्षकहरूले सजिलोको लागि कक्षामा आफ्नो व्याख्यान छाँट्ने कार्य मात्र गरेको पाइन्छ । त्यसैगरी, स्थानीय स्रोत र सामग्रीको उपयोग गर्दै विद्यार्थीलाई नै सामग्री निर्माण र सङ्कलन गर्न लगाएर पनि प्रशस्त सामग्री तयार गरी उपयोग गर्न सकिन्छ । विकट तथा दुर्गम क्षेत्रमा विद्युतीय सामग्री उपलब्ध नहुन पनि सक्छ तर पनि प्राप्त स्रोत साधनको महत्तम उपयोग गर्ने हो भने पनि शिक्षण कार्यलाई प्रभावकारी बनाउन सकिन्छ ।

एउटा सफल शिक्षकले जुनसुकै अवस्थामा पनि शिक्षण सामग्रीको उपयुक्त व्यवस्थापन गरी शिक्षण कार्यलाई प्रभावकारी बनाउन सक्छ । शिक्षण सामग्रीको व्यवस्था मिलाउँदा र कक्षामा तिनको प्रयोग गर्दा विद्यार्थीहरूको बौद्धिक क्षमता, कक्षाको स्तर, विद्यार्थी सङ्ख्या, विद्यार्थीको अनुभव, स्थानीय वातावरण, पाठगत सान्दर्भिकता, विद्यार्थीको भाषिक र सांस्कृतिक पृष्ठभूमि, विषयवस्तु तथा पाठ्यवस्तुको प्रकृति जस्ता कुराहरूको ख्याल गर्नु पर्दछ । यसर्थ माध्यमिक तथा उच्च माध्यमिक तहको भाषपाठ्यक्रममा नै तोकेर उपर्युक्त सामग्रीहरूको निर्देश गर्नु आवश्यक देखिन्छ ।

## ३.४ शिक्षण प्रक्रिया/विधिका आधारमा माध्यमिक तथा उच्च माध्यमिक तहको भाषा पाठ्यक्रमको तुलना :

भाषाशिक्षणमा विषयवस्तुको शिक्षण नभई विषयवस्तुका माध्यमबाट भाषका सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सीपहरूको शिक्षण गर्नुपर्दछ । शिक्षण प्रक्रियाको यथेष्ट र प्रभावकारी निर्देशन हुन सकेन भने परम्परागत अवैज्ञानिक शिक्षणतर्फ सम्बन्धित भाषा शिक्षकहरू मोडिन सक्छन् र भाषा पाठ्यक्रम जतिसुकै राम्रो भए पनि त्यसको उपलब्धि अत्यन्त न्यून हुन सक्छ । कक्षामा गएर आफूले जानेजति सबै कुराको व्याख्यान छाँट्ने र विद्यार्थीहरूलाई सक्रिय सहभागी नबनाई, अभ्यासमूलक सीप प्रवर्द्धनमा सरिक नबनाई सजिलो शिक्षक बन्ने प्रवृत्ति अझैसम्म पनि विद्यमान रहेकोले त्यस्तो प्रवृत्तिबाट छुटकारा दिई पाठ्यक्रका अपेक्षा अनुरूप भाषा शिक्षणका प्राविधिक सीपले युक्त सफल शिक्षक बन्न प्रेरित गर्न पनि शिक्षण विधि वा प्रक्रियाले सहयोग पुऱ्याउनु पर्छ । यस शीर्षक अन्तर्गत माध्यमिक तथा उच्च माध्यमिक तहमा भाषिक सीप शिक्षणमा विभिन्न विधा तथा भाषातŒवको उपयोग सम्बन्धी अपनाइएका प्रक्रियाको अवस्था र स्थितिको तुलना गर्ने प्रयास गरिएको छ ।

### ➢ कथा/उपन्यास शिक्षण

कथा र उपन्यास दुवै रोचक एवं लोकप्रिय विधा हुन् । उपन्यास किशोर किशोरीदेखि बृद्ध बृद्धासम्मले मन पराउने विधा हो भने कथा प्रायः सबै श्रोता र पाठकका लागि मन पर्ने, रोचक र शिक्षामूलक विधा हो कथा/उपन्यास शिक्षणको मुख्य उद्देश्य जीवन र जगतका बा्य एवं आन्तरिक पक्षहरूसङ्ग परिचित गराउनु हो । त्यसैगरी साहित्यको आस्वादन गराउनु, कथा उपन्यासको मार्गबोध गराउनु, मनोरञ्जन दिनु, सिर्जनशील प्रतिभाको विकास गराउनु, नैतिक चरित्र तथा अनुशासन निर्माण गर्न सहयोग पुऱ्याउनु पनि कथा/उपन्यास शिक्षणका उद्देश्य हुन् । कथा उपन्यास शिक्षण गर्दा उपयुक्त उद्देश्यहरूलाई केन्द्रमा राखेर गर्नुपर्छ । सामान्यतः कथा/उपन्यास शिक्षण गर्दा व्याख्यान, छलफल, तुलना, समीक्षा, प्रतिवेदन प्रस्तुत, पठनबोध जस्ता विधिहरू उपयोग गर्न

सकिन्छ । त्यसैगरी शिक्षण क्रममा परिचय, कथन, कठिन शब्द निराकरण, प्रश्नोत्तर, व्याख्या विश्लेषण एवं समीक्षा गर्ने गरिन्छ । माध्यमिक तहमा विभिन्न विधाका तीनवटा कथाहरू समावेश गरिएको छ भने उच्च माध्यमिक तहको पाठ्यक्रममा पाँचवटा कथा समावेश गरिएका छन् । तर दुवै तहको पाठ्यक्रममा कथा शिक्षण प्रक्रिया किटान गरिएको छैन । शिक्षक निर्देशिकाले माध्यमिक तहमा विधागत रूपमा कथा विधाको शिक्षण प्रक्रियाको बारेमा सङ्क्षिप्त रूपमा निर्देश गरेको छ तर शिक्षक निर्देशिकाको त्यति उपयोग भएको पाइँदैन । त्यसैगरी उच्च माध्यमिक तहको भाषा पाठ्यक्रममा पनि कथा विधाको शिक्षण प्रक्रियाका बारेमा उल्लेख्य निर्देशन भएको पाइँदैन । उच्च माध्यमिक तहमा कथा र उपन्यास दुवै विधा समावेश गरिएको छ तर माध्यमिक तहमा उपन्यासलाई समावेश गरिएको छैन । माध्यमिक तहमा कथात्मक अभिव्यक्ति सीपको विकासमा जोड दिन खोजिएको छ भने उच्च माध्यमिक तहमा कृति समीक्षामा जोड दिन खोजिएको छ ।

### ➢ कविता शिक्षण :

अन्य विधाको तुलनामा कविता शिक्षण कठिन एवं चुनौतीपूर्ण कार्य हो । कविता शिक्षण गर्दा कविताको माध्यमबाट भावनाको परिष्कार तथा सौन्दर्यानुभूतिको अपेक्षा गरिएको हुन्छ । कविताको शिक्षण गर्दा उपयुक्त विधि तथा वातावरणको ख्याल गरेर शिक्षण गर्नुपर्ने हुन्छ । कविता शिक्षणमा गीत तथा अभिनय विधि, अर्थबोध विधि, व्याख्यान विधि, प्रश्नोत्तर विधि, तुलनात्मक विधि, समीक्षा विधि जस्ता विधिहरूको उपयोग गर्न सकिन्छ । त्यसैगरी शिक्षण क्रममा कवि परिचय, शब्दार्थ शिक्षण, लयबोध, अनुकरण वाचन, प्रश्नोत्तर, भावबोध, मूल्याङ्कन जस्ता क्रियाकलाप गराउन सकिन्छ । माध्यमिक तहका अनिवार्य नेपाली भाषा पाठ्यक्रममा विभिन्न विधाका तीनवटा कविता समावेश भएका छन् भने उच्च माध्यमिक तहमा विभिन्न विधाका ६ वटा कविता समावेश गरिएका छन् । दुवै पाठ्यक्रममा शिक्षण विधिको किटान गरिएको छैन । पाठ्यक्रम वा पाठ्यपुस्तकमै पनि विधागत तथा क्षेत्रगत प्रकृति अनुसार शिक्षण विधिको निर्देश गरिएमा शिक्षण प्रक्रिया अझै उपयोगी र प्रभावकारी हुन सक्ने देखिन्छ ।

### ➢ जीवनी शिक्षण

जीवनी शिक्षणको भाषिक उद्देश्य मौखिक तथा लिखित बोध एवम् अभिव्यक्ति क्षमताको विकास गर्नु हो । यो विधा विशिष्ट व्यक्तित्वको जीवनसँग सम्बन्धित हुनाले त्यस्ता व्यक्तित्व एवं चरित्रहरूको अनुकरण गरी भाषिक एवं साहित्यिक क्षमता विकासको अपेक्षा गरिन्छ । माध्यमिक तह (कक्षा १०) को भाषा पाठ्यक्रममा विभिन्न क्षेत्रका व्यक्तित्वहरूका तीनवटा जीवनी समावेश गरिएको छ भने उच्च माध्यमिक तहको भाषा पाठ्यक्रममा जीवनी विधा समावेश गरिएको छैन । जीवनी विधाको शिक्षणको निम्ति पनि पाठ्यक्रमले कुनै विधि उल्लेख गरेको देखिँदैन यद्यपि यो विधाको शिक्षण गर्दा पनि सस्वर तथा मौनपठन, पठनबोध, प्रश्नोत्तर, बुँदा टिपोट, श्रुतिलेखन, व्याख्या, सारांश, घटनाक्रम मिलाउने, शब्दार्थ तथा शब्दप्रयोग, जस्ता क्रियाकलाप गराउनु उपयुक्त हुन्छ ।

## ➢ निबन्ध शिक्षण

निबन्ध शिक्षणअन्तर्गत निबन्ध लेखन शिक्षण र निबन्ध विधा शिक्षण पर्दछन् । निबन्ध लेखन शिक्षण अन्तर्गत अनुकरणात्मक लेखन, निर्देशित लेखन तथा स्वतन्त्र लेखनजस्ता क्रियाकलाप पर्दछन् भने निबन्ध शिक्षण अन्तर्गत साहित्यिक विधाका रूपमा यसको आस्वादन लिने, भाव र विचार पक्रिने, शैलिगत विशिष्टता अनुभव गर्ने, बोध तथा अभिव्यक्तिको परिष्कार गर्ने जस्ता कुराको अपेक्षा गरिन्छ । यस विधाको शिक्षणमा मुख्यतः प्रवचन, छलफल, प्रश्नोत्तर, सूत्र, स्वाध्यायन, समीक्षा, पठनबोध प्रस्तुतीकरण विधि जस्ता विधि अपनाउने गरिन्छ । त्यसैगरी शिक्षण क्रम अन्तर्गत प्रस्तावना, शब्दार्थ, वाचन, व्याख्या तथा समीक्षा जस्ता क्रियाकलाप गराइन्छ । माध्यमिक तहको भाषा पाठ्यक्रममा विभिन्न क्षेत्रका तीनवटा निबन्धहरू समावेश गरिएका छन् भने उच्च माध्यमिक तहको भाषा पाठ्यक्रममा पनि तीनवटा निबन्ध समावेश गरिएका छन् ।

## ➢ नाटक/एकाङ्की शिक्षण

नाटक/एकाङ्की शिक्षणको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता बढाउनु हो । नाटक/एकाङ्की शिक्षण गर्दा संवाद, वाचन, अभिनय तथा भूमिका निर्वाहजस्ता क्रियाकलाप गराउनु पर्छ । त्यसैगरी कथ्य अभिव्यक्तिगत क्षमता बढाउन सहायक हुने हाउभाउ, स्वरको आरोह अवरोह आधात, गति, यति आदिको ख्याल गर्नुपर्छ । कक्षा १० को भाषा पाठ्यक्रममा एउटा एकाङ्की समावेश गरिएको छ भने उच्च माध्यमिक तह (कक्षा ११) को भाषा पाठ्यक्रममा एउटा एकाङ्की र एउटा नाटक समावेश गरिएको छ । माध्यमिक तहको पाठ्यक्रमा नाटक/एकाङ्की विधा अझै थप गरी प्रभावकारी शिक्षण गर्न सकेमा भाषिक अभिव्यक्ति तथा बोध क्षमता एवं सिर्जनशील क्षमता बृद्धि गर्न सघाउ पुग्ने देखिन्छ ।

## ➢ व्याकरण तथा वर्णविन्यास शिक्षण :

माध्यमिक तथा उच्च माध्यमिक दुवै तहमा व्याकरण शिक्षण गर्नुको उद्देश्य बालबालिकाहरूलाई भाषाको शुद्ध प्रयोगाकृति अभिप्रेरित गर्नु हो । अतः व्याकरणलाई नियमहरूमा केन्द्रित गरी परिभाषा र उदाहरणद्वारा पुस्टयाइँ गर्ने परम्परालाई त्यागी विद्यार्थीहरूमा उदाहरण र प्रयोगका आधारमा सम्बद्ध पाठभित्रैबाट नियमको खोजी गर्ने उत्सुकता जगाइदिनु उपयुक्त हुन्छ । यसका अतिरिक्त विद्यार्थीहरूकै आफ्नो भाषा प्रयोगमा व्याकरणको व्यवस्था खोज्न लगाउनु र त्यसमा परिष्कार ल्याउन व्याकरणात्मक सुझको उपयोग गर्नु राम्रो हुन्छ । माध्यमिक तहमा छुट्टै पाठ्यपुस्तकको आधारमा व्याकरण शिक्षण नगरी विभिन्न विधाका पाठमा व्याकरणका अभ्यासहरू दिइएको छ भने उच्च माध्यमिक तहमा पाठ्यपुस्तकलाई नै आधार लिएर व्याकरण शिक्षण गर्नुपर्ने गरी पाठ्यक्रममा नै व्याकरणको व्यवस्था गरिएको छ । माध्यमिक तहमा भाषा र व्याकरणलाई सँगसँगै लान खोजे जस्तो देखिन्छ तर प्रश्न निर्माण गर्दा भने परम्परागत व्याकरणलाई आधार लिइने गरेकोले माध्यमिक तथा उच्च माध्यमिक तहको भाषा पाठ्यक्रम मूल्याङ्कनका लागि निर्माण गरिने प्रश्नहरूमा खासै भिन्नता देखिँदैन । सैद्धान्तिक रूपमा भाषा र व्याकरणलाई सङ्गसगै लान खोजिएको भए पनि व्यवहारतः त्यसको कार्यन्वयन प्रभावकारी हुन सकेको छैन ।

## ➢ शब्दार्थ शिक्षण :

शब्दार्थ शिक्षणको अभिप्राय आधारभूत शब्दावलीमा विद्यार्थीहरूलाई आत्मनिर्भर गराई शब्दका प्रशस्त विकल्पहरूको छनोट गरी खास प्रकरण वा सन्दर्भमा आवश्यक हुने शब्द प्रयोगको क्षमता र कुशलता अभिवृद्धि गर्नु हो । यसका साथै पहिचानात्मक र उत्पादनात्मक शब्दभण्डार क्षमता बृद्धि गर्नु र कोशीय एवं सन्दर्भपरक तथा संरचनात्मक शब्दिक क्षमता अभिवृद्धि गरी तिनको कुशल प्रयोग गरेर भाषाका ग्रहण र अभिव्यक्ति सीपलाई प्रभावकारी बनाउनु पनि शब्दार्थ शिक्षणको महŒवपूर्ण पक्ष हो । यसर्थ, शिक्षणीय शब्दको प्रकृति हेरी भिन्न भिन्न तरिका र विधिहरू अपनाएर शब्दार्थ

शिक्षण गर्न सकिन्छ र एकै प्रकृतिका शब्दलाई पनि एकभन्दा बढी विधि र प्रक्रियाहरूको उपयोग गरेर शिक्षण गर्न सकिन्छ। शब्दार्थ शिक्षण गर्दा पर्यायवाचीकरण, अर्थीकरण, परिभाषीकरण, विपरीतार्थीकरण अनेकार्थीकरण, समावेशीकरण, प्रत्यक्षीकरण, नाटकीकरण, व्युत्पत्तीकरण, प्रयोग व्याख्यीकरण, प्रयोग अभ्यासीकरण जस्ता विधिहरूको प्रयोग गर्न सकिन्छ । माध्यमिक तथा उच्च माध्यमिक तहको भाषा पाठ्यक्रममा पनि उपयुक्त विधिहरू नै प्रयोग गरेर शब्दार्थ शिक्षण गर्ने गरेको पाइन्छ ।

## ३.५ मूल्याङ्कन प्रक्रियाका आधारमा माध्यमिक तथा उच्च माध्यमिक तहका भाषा पाठ्यक्रमको तुलना

भाषिक मूल्याङ्कन मूलतः भाषाका ग्रहण पक्ष (सुनाइ, पढाइ) र अभिव्यक्ति पक्ष (बोलाइ, लेखाइ) सँग सम्बन्धित सीप र कलाको लेखाजोखा गरी पृष्ठपोषण दिनमा केन्द्रित रहेको हुन्छ। माध्यमिक तथा उच्च माध्यमिक तहमा सामान्यतः निर्माणात्मक र निर्णयात्मक दुवै किसिमको मूल्याङ्कन पद्धति अपनाउने गरिएको पाइन्छ । कक्षा शिक्षण अन्तगर्तको निरन्तर मूल्याङ्कन निर्माणात्मक हुन्छ भने कक्षोन्नतिका लागि लिइने अन्तिम परीक्षा निर्णयात्मक हुन्छ । निर्माणात्मक मूल्याङ्कन अन्तर्गत विद्यार्थीका कार्यकलापको निरीक्षण, व्यक्तिगत र सामुहिक छलफल, लिखित परीक्षा, विभिन्न प्रतियोगितात्मक परीक्षाहरू, भाषिक व्यवहारको अवलोकन तथा तिनीहरूको अभिलेखन जस्ता कुराहरू पर्दछन् । निर्णयात्मक मूल्याङ्कन अन्तर्गत कक्षा १० को अध्ययन पूरा गरेका विद्यार्थीले एस.एल.सी परीक्षा दिन पाउने व्यवस्था रहेको छ। कक्षा १० को परीक्षामा भाषा पाठ्यक्रमको मूल्याङ्कनका लागि पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ३२ कायम गरिएको छ भने पाठ्यांश भार प्रतिहप्ता ५ घन्टी र वार्षिक १५० घन्टी निर्धारण गरिएको छ । त्यसैगरी कक्षा ११ को भाषा पाठ्यक्रमको मूल्याङ्कनका लागि पनि पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ३५ कायम गरिऐको छ। कक्षा १० र ११ को भाषिक सीप मूल्याङ्कनका लागि निम्नानुसार प्रश्नपत्रहरू निर्माण गरेर पढाइ तथा लेखाइ सीपको परीक्षण गर्ने गरिएको छ :-

# निर्णयात्मक मूल्याङ्कन प्रक्रिया

## तालिका ३

**कक्षा १०**

| क.सं. | क्षेत्र | विधा | अङ्कभार (प्रतिशतमा) |
|---|---|---|---|
| १ | शब्द भण्डार | शब्दार्थ र वाक्यमा प्रयोग | १२ |
| २ | वर्णविन्यास | शुद्धीकरण | ५ |
| ३. | व्याकरण | शब्दवर्ग, कारक/विभक्ति, शब्दनिर्माण, काल, पक्ष, भाव वाच्य वाक्य परिवर्तन वाक्य | १८ |
| ४ | बोध | अदृष्टांश रचनाबाट | ५ |
| ५. | बुँदाटिपोट/सारांश | कथा, निबन्ध, जीवनी, आदिबाट (दृष्टांश) | ५ |
| ६ | स्वतन्त्र रचनाबाट | क) निबन्ध<br>ख) चिठ्ठी, मनोवाद, संवाद, वादविवाद, कथा | १०<br>१० |
| ७ | निर्देशित रचना | कथा वा जीवनी लेखाा | ५ |
| ८ | व्याख्या/सप्रसङ्ग व्याख्या | कथा, कविता, निबन्ध, जीवनी | ५ |
| ९ | सङ्क्षिप्त उत्तर | कथा, कविता, निबन्ध, जीवनी, एकाङ्की | १५ |
| १० | विवेचनात्मक उत्तर | कथा, निबन्ध, जीवनी | १० |
| | | जम्मा | १०० |

## निर्माणात्मक मूल्याङ्कन प्रक्रिया

## तालिका- ४

**कक्षा - ११**

| क.सं. | विधा/भाषातŒव | पाठ्यभार | अङ्कभार(प्रतिशतमा) |
|---|---|---|---|
| १ | वर्ण र अक्षरको संरचनाको पहिचान | ठ | छ |
| २ | वर्णविन्यास र चिन्ह परिचय | ठ | छ |
| ३ | शब्दवर्ग र शब्द रूपायन | ज्ञछ | छ |
| ४ | शब्दनिर्माण (सन्धिसहित) | ज्ञछ | ज्ञण |
| ५ | वाक्यतŒव | ज्ञछ | ज्ञण |
| ६ | वाक्यका प्रकार र वाक्यान्तरण | ज्ञछ | ज्ञण |
| ७ | बोध, शब्दभण्डार बुँदाटिपोट र सङ्क्षेपीकरण | द्द | ज्ञछ |
| ८ | अनुच्छेदलेखन र पत्ररचना | ड | छ |
| ९ | निबन्ध टिप्पणी र प्रतिवेदन लेखन | ज्ञछ | ज्ञण |
| १० | कृतिसमीक्षा | घण | द्दण |
| | जम्मा | ज्ञछण | ज्ञणण |

## ४.६ सारांश

यसरी माध्यमिक तथा उच्च माध्यमिक तहका भाषा पाठ्यक्रमलाई उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया, शिक्षण सामग्री र मूल्याङ्कन प्रक्रियाका आधारमा तुलना गर्दा दुवै पाठ्यक्रममा केही समानता र केही भिन्नता पाउन सकिन्छ । त्यसैगरी दुवै पाठ्यक्रममा रहेका उद्देश्य अनुसार शिक्षण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रियाका बीचका अन्तरसम्बन्ध र तालमेल हुनुपर्ने सैद्धान्तिक मान्यता छ । अर्थात् उद्देश्य अनुरूपको शिक्षण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रिया नभएमा अपेक्षित भाषिक उपलब्धि प्राप्त गर्न सम्भव हुँदैन । यस कुरामा दुवै पाठ्यक्रमा पर्याप्त ध्यान पुग्न नसकेजस्तो देखिन्छ जुन कुरा यसै शोधको अन्तिम अध्यायमा निष्कर्ष र सुझाबका रूपमा औँल्याइने छ ।

# अध्याय-चार
# निष्कर्ष र सुझावहरू

यस अध्यनमा माध्यमिक तह र उच्च माध्यमिक तहका अनिवार्य नेपाली भाषा पाठ्यक्रमको निर्माणमा भाषा पाठ्यक्रम निर्माणका सैद्धान्तिक आधार तथा भाषा पाठ्यक्रम निर्माणका प्रक्रियाहरूको आधारमा उद्देश्यको छनोट, विषयवस्तुको चयन, शिक्षण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रियाको सन्दर्भमा देखिएका सबल एवं दुर्बल पक्षहरूलाई निष्कर्षको रूपमा दिइएको छ तथा सुधारको लागि आवश्यक सुझाव समेत दिइएको छ ।

**निष्कर्ष :**

## ४.१ सबल पक्षहरू

### ४.१.१ उद्देश्य

- दुवै पाठ्यक्रममा पाठ्क्रम तथा पाठ्यांशको परिचय, साधरण र विशिष्ट उद्देश्यहरू दिइएको छ ।
- दुवै पाठ्यक्रममा भाषिक सीपसङ्ग सम्बद्ध उद्देश्यहरू राखिएका छन् ।
- दुवै पाठ्यक्रममा व्याकरण प्रयोग, शब्द भण्डार विकास, वर्णविन्यास तथा शब्दकोशको प्रयोग सम्बन्धी उद्देश्यहरू समेटिएका छन् ।
- दुवै पाठ्यक्रमका उद्देश्यहरूले भाषा पाठ्यक्रमको व्यावहारिक पक्षलाई समेट्ने प्रयास गरेको देखिन्छ । माध्यमिक तहका विशिष्ट उद्देश्यहरूलाई भाषाशिक्षाणका आधारभूत सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइसङ्ग सम्बद्ध गराएर छुट्टाछुट्टै उल्लेख गरिएको छ ।

- माध्यमिक तहको पाठ्यक्रममा सुन्न, बोल्न, देख्न नसक्ने विद्यार्थीहरूका लागि पनि उपयुक्त ढाँचामा शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया अवलम्बन गर्न सकिने कुरा निर्देश गरिएको छ ।

### ४.१.२ विषयवस्तु

- दुवै पाठ्यक्रममा व्याकरणको प्रयोग पक्षलाई ध्यान दिन खोजिएको छ ।
- दुवै पाठ्यक्रममा कथा, कविता, निबन्ध, नाटक/एकाङ्की, चिठ्ठी एवं भाषातŒव जस्ता विषयवस्तुहरू समावेश भएका छन् ।
- दुवै पाठ्यक्रममा विधाको क्षेत्रगत विविधता रहेको देखिन्छ ।
- दुवै पाठ्यक्रमका आधारमा शिक्षक निर्देशिका र विशिष्टीकरण तालिका तयार गरिएको छ ।
- दुवै पाठ्यक्रममा बोध तथा अभिव्यक्तिगत विविधताबीच सन्तुलन, भाषाको समसामायिक प्रयोग तथा रुचिपूर्णतालाई ख्याल गर्ने प्रयास भएको छ ।
- दुवै पाठ्यक्रममा समावेश भएका विषयवस्तु र अभ्यास सामग्रीहरू विद्यार्थीको स्तर र क्षमता अनुरूप नै देखिन्छन् ।
- दुवै पाठ्यक्रममा विधागत क्षेत्र र क्रमअनुसार अङ्कभार पाठ्यभार दिइएको छ ।
- दुवै पाठ्यक्रममा व्याकरण, वर्णविन्यास, शब्दनिर्माण, शब्दभण्डार, वाक्यतŒव जस्ता व्याकरणात्मक एवं बोध तथा अभिव्यक्ति पक्षको सन्तुलन नै देखिन्छ ।
- पाठ्यक्रम तथा पाठ्यपुस्तकमा उद्देश्यअनुसार शिक्षण गर्न मार्गनिर्देश गर्नुका साथै विभिन्न विधिहरू अन्तर्गत पाठ्यक्रमको सीप पक्षको सन्तुलन गर्न खोजिएको छ ।
- माध्यमिक तहको पाठ्यपुस्तकका हरेक पाठभन्दा अगाडि उक्त पाठको दिशानिर्देश गर्ने गरी शिक्षामूलक सन्देश तथा पाठको मुख्य भावको सङ्केत गरिएको छ ।

- भाषा पाठ्यपुस्तकको शिक्षणीय प्रयोजन भाषिक सीप विकास भए पनि विषयवस्तु समावेशी किसिमको रहेको छ ।
- पाठ्यक्रम तथा पाठ्यपुस्तक व्याकरणिक दृष्टिले त्रुटिरहित नै देखिन्छ ।
- परिवर्तित सन्दर्भअनुरूप पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई समयानुकूल बनाउने प्रयास भएको देखिन्छ ।
- पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य अनुरूप लक्षित विषयवस्तुलाई विविध स्रोत र साधनको उपयोग गरी अध्ययन अध्यापन गर्न पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाले निर्देशित गरेको छ ।
- शिक्षण सामग्रीको पर्याप्त पहुँचको अभावलाई पूर्ति गर्न नमूना अभ्यास दिइएको छ जसको सहायताले एउटा कुशल शिक्षक र जिज्ञासु विद्यार्थी अन्य अभ्यास निर्माण गरेर पाठ्यक्रमको अपेक्षित लक्ष्य प्राप्त गर्न सक्नेछन् भन्ने अपेक्षा गरिएको छ ।
- माध्यमिक तहको पाठ्यपुस्तकमा विद्यार्थीलाई पाठसँग सान्दर्भिक गराउन सैद्धान्तिक पक्षको थप ज्ञान दिलाउन र उच्च तहको नेपाली विषयको पाठ्यवस्तुसँग सम्बन्ध गास्ने उद्देश्यले पाठको अन्त्यमा विशेष ज्ञानका लागि थप सन्देशहरू दिइएको छ ।
- माध्यमिक तहको भाषापाठ्यपुस्तकका प्रत्येक पाठका दुवै पृष्ठहरूको तलतिर कठिन शब्दको अर्थ दिइएको छ जसले गर्दा पाठको अध्ययनका क्रममा कठिन शब्दको अर्थ पहिचान गर्न सजिलो हुने देखिन्छ ।
- माध्यमिक तहको पाठ्यपुस्तकमा पाठका प्रत्येक अनुच्छेदमा सङ्ख्या जनाउन अङ्क दिइएको छ ।
- दुवै पाठ्यक्रममा आगमनात्मक पद्धतिद्वारा भाषिक ज्ञान, सीप तथा व्याकरणात्मक प्रयोगको अभ्यास गर्न प्रेरित गरिएको छ ।
- उच्च माध्यमिक तहको अनिवार्य नेपाली भाषाशिक्षण निर्देशिकामा प्रत्येक एकाइको पाठ्यभार अङ्कभार , परिचय, उद्देश्य, विषयवस्तु, शिक्षण प्रक्रिया तथा मूल्याङ्कन प्रक्रिया समेत दिइएको छ जसले गर्दा शिक्षकले उक्त निर्देशिकालाई एक प्रभावकारी

शिक्षण सामग्रीको रूपामा उपयोग गरेको पाइन्छ । त्यसैगरी प्रत्येक एकाइको अन्त्यमा  सन्दर्भकृति दिइएकोले आवश्यक थप सामग्री व्यवस्थापनमा समेत सहयोग पुगेको देखिन्छ ।

### ४.१.३ शिक्षण क्रियाकलाप

- दुवै पाठ्यक्रमले शिक्षण प्रक्रियालाई छुट्टै स्तम्भका रूपामा समावेश गरेको छ ।
- दुवै पाठ्यक्रममा शिक्षण प्रक्रिया अन्तर्गत सुनाइ, बोलाइ, सीपको शिक्षणका लागि कुराकानी, छलफल, प्रश्नोत्तर, अभिनय, भूमिका निर्वाह, खेलजस्ता विद्यार्थी केन्द्रित विधिहरूको उल्लेख गरेको छ ।
- दुवै पाठ्यक्रमले पढाइ र लेखाइ सीप विकासका लागि आवश्यकता अनुसार कार्यकलाप गराउन निर्देशन गरेको छ ।
- दुवै पाठ्यक्रमले पढाइ र लेखाइ सीप विकासका लागि आवश्यकता अनुसार कार्यकलाप गराउन निर्देश गरेको छ ।
- दुवै पाठ्यक्रममा शिक्षण विधि भाषिक सीपका आधारमा समष्टिगत रूपमा उल्लेख गरिएको छ ।
- दुवै पाठ्यक्रममा विधागत क्षेत्र र क्रमअनुसार अङ्कभार र समयभार  दिइएको छ जसले शिक्षक तथा विद्यार्थीलाई अङ्कभार अनुसार समय व्यवस्थापन गरी शिक्षण गर्न सघाउ पुऱ्याउने देखिन्छ ।
- दुवै पाठ्यक्रमले व्याकरणात्मक त्रुटिक्षेत्र पहिल्याई निराकरणात्मक उपाय अँगाल्न निर्देश गरेको छ ।
- दुवै पाठ्यक्रममले भाषिक उपलब्धि प्राप्त गर्न निर्धारित पाठ्यपुस्तकका अतिरिक्त अन्य सामग्री सङ्कलन र व्यवस्थापनका लागि निर्देश गरेको छ ।

- दुवै पाठ्यक्रमले आगमनात्मक पद्धति अनुसार विद्यार्थीको रुचि, स्तर, उमेर, अनुभव आदि कुराको ख्याल गरी शिक्षण गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।
- दुवै पाठ्यक्रमले शिक्षण क्रियाकलापलाई प्रभावकारी बनाउन विभिन्न प्रतियोगितात्मक कार्यक्रम, गोष्ठी, सेमिनार, पुस्तकालय प्रयोग, शब्दकोशको प्रयोग, साहित्यिक र बौद्धिक क्रियाकलापको प्रयोग, विभिन्न लेखक तथा विद्वान्सँगको अन्तरक्रियाजस्ता कार्यकलापलाई उत्प्रेरित गरेको देखिन्छ ।
- उच्च माध्यमिक तहको भाषा पाठ्यक्रम अन्तर्गत शिक्षण क्रियाकलापलाई समग्र रूपमा दिइएको छ भने माध्यमिक तहको भाषा पाठ्यक्रमले कथा, कविता, निबन्ध, नाटक/एकाङ्की, जीवनी जस्ता विधाको शिक्षण विधि र प्रक्रियालाई अलगअलग रूपमा दिएको छ ।

## ४.१.४ मूल्याङ्कन प्रक्रिया

- दुवै पाठ्यक्रममा मूल्याङ्कनका लागि सम्बन्धित सीपसम्बद्ध मूल्याङ्कनका तरिकाहरू स्पष्ट रूपमा उल्लेख गरिएको छ ।
- दुवै पाठ्यक्रममले निर्माणात्मक र निर्णयात्मक दुवै किसिमको मूल्याङ्कन पद्धतिको उपयोग गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।
- दुवै पाठ्यक्रममा मूल्याङ्कन प्रक्रियाका लागि छुट्टै स्तम्भको उल्लेख गरेको छ ।
- दुवै पाठ्यक्रममा निर्णयात्मक मूल्याङ्कन अन्तर्गत विधागत क्षेत्र अनुसार मूल्याङ्कनका लागि अङ्कभार तोकेको छ भने निर्माणात्मक मूल्याङ्कनका लागि विद्यार्थी क्रियाकलापको निरीक्षण, व्यक्तिगत तथा सामुहिक छलफल, कक्षागत दैनिक, साप्ताहिक, मासिक, त्रैमासिक रूपमा मौखिक तथा लिखित परीक्षा सञ्चालन, विद्यार्थी अवलोकन तथा विभिन्न प्रतियोगितात्मक कार्यकलापहरू सञ्चालन गर्ने कुराको निर्देश गरेको छ ।

- दुवै पाठ्यक्रमको मूल्याङ्कनका लागि पूर्णाङ्क, उत्तीर्णाङ्क, पाठयभार तथा वार्षिक कक्षा सङ्ख्या समेत निर्धारण गरिएको छ ।
- दुवै पाठ्यक्रमको उपलब्धि मूल्याङ्कनको लागि ज्ञान, बोध सीप र दक्षता मापनका लागि उपयुक्त प्रश्नहरू निर्माणको व्यवस्था गरेको छ ।

## ४.२ दुर्बल पक्षहरू

माध्यमिक तथा उच्च माध्यमिक तहको वर्तमान पाठ्यक्रममा उपर्युक्त सबल पक्ष हुँदाहुदै पनि यस अध्ययनबाट केही दुर्बल पक्षहरू तथा कमीकमजोरीहरू पनि देखिएका छन् । यस अध्यनका आधारमा उद्देश्य, विषयवस्तु, शिक्षण सामग्री तथा मूल्याङ्कन सम्बन्धी देखिएका कमीकमजोरीलाई निम्न अनुसार उल्लेख गरिएको छ :

### ४.२.१ उद्देश्य

- उद्देश्य मात्र ठूला राखेर हुँदैन । उद्देश्य, विषयवस्तु, शिक्षण विधि तथा मूल्याङ्कन एकअर्काका परिपूरक हुन् । तर दुवै भाषापाठ्यक्रममा उद्देश्य, विषयवस्तु, शिक्षण विधि तथा मूल्याङ्कनबीच तालमेल देखिँदैन ।
- दुवै पाठ्यक्रममा राखिएका उद्देश्य हेर्दा गुणात्मक पक्षभन्दा सङ्ख्यात्मक पक्षमा जोड दिन खोजेजस्तो देखिन्छ ।
- उद्देश्य पूरा गर्न स्रोत साधन, प्रतिबद्धता र प्रभावकारी कार्यान्वयको जरुरत पर्दछ । तर, उद्देश्य पूरा गर्न आवश्यक पर्ने आर्थिक, मानवीय, भौतिक र प्राविधिक स्रोतको अभावले उद्देश्यहरू उद्देश्यमै सीमित रहेको देखिन्छ ।
- भाषा पाठ्यक्रमका उद्देश्यहरू पूरा भए भएनन् भनी मापन गर्ने प्रभावकारी विधि र संयन्त्रको अभाव देखिन्छ ।

- दुवै पाठ्यक्रमका उद्देश्यहरूले भाषिक विविधता अनुसार **सबैले सिक्न पाउने समान अवसर** को अवमूल्यन गरेको देखिन्छ ।
- माध्यमिक तहमा भाषिक सीपगत पक्षलाई ख्याल गरेर सुनाइ, बोलाइ, पढाइ, लेखाइका आधारमा छुट्टाछुट्टै उद्देश्यको निर्धारण गरिएको छ । तर उच्च माध्यमिक तहको पाठ्यक्रममा उद्देश्यलाई समग्र रूपमा एकै ठाउँमा राखिएको छ जसले गर्दा कुन उद्देश्यबाट कुन सीप प्राप्त गर्ने भन्ने कुरा स्पष्ट छैन ।

### ४.२.२ विषयवस्तु

- दुवै पाठ्यक्रमले परिवर्तित सन्दर्भअनुसार अग्रगामी समावेशी र परिवर्तन झल्काउने कुनै नयाँ विषयवस्तु समावेश गर्न सकेको देखिँदैन ।
- दुवै पाठ्यक्रममा दलित, जनजाति, आदिवासी, मुस्लिम, मधेसी एवम् दुर्गम तथा पिछडिएको सम्प्रदायलाई चेतना दिने तथा सशक्तीकरण गर्ने खालका विषयवस्तु दिन सकेको पाइँदैन ।

- पाठ्यक्रमको विषयवस्तुले सबै धार्मिक साँकृतिक समुदायका विद्यार्थीको भावनालाई समेट्न सकेको देखिदैन । जस्तैः मुस्लिम समुदायको विद्यार्थीले उसको धार्मिक आस्था विपरीत, हिन्दू धर्म र संस्कृतिसँग सम्बन्धित विषयवस्तु  घोक्नु पर्ने बाध्यता छ ।
- माध्यमिक तहमा भन्दा उच्च माध्यमिक तहको पाठ्यक्रममा विधागत क्षेत्र र क्रम असन्तुलित देखिन्छ । जस्तै कक्षा १० मा अलगअलग विषयक्षेत्रका ३ वटा कथाहरू समावेश भएका छन् भने कक्षा ११ मा दुईवटा क्षेत्रका पाँवटा कथाहरू समावेश

भएका छन् । त्यसैगरी कक्षा १० मा जीवनी समावेश भएका छन् भने उच्च माध्यमिक तहमा जीवनी विधा समावेश भएको छैन ।

- विभिन्न पाठहरूमा विषयवस्तुको प्रकृति र गहनताका आधारमा विधा र समयभार मिलेको देखिँदैन् ।
- पाठ्यवस्तुको समय समयमा परिमार्जन गरिए पनि शिक्षण निर्देशिका तथा अन्य सहायक सामग्रीहरू परिमार्जन नहुँदा अन्योल उत्पन्न भएको छ ।
- अधिकांश माध्यमिक तथा उच्च माध्यमिक तहमा पाठ्यपुस्तकलाई नै पूर्ण सामग्रीको रूपमा उपयोग गरेको पाइन्छ । प्रायःजसो विद्यालयहरूमा शिक्षण निर्देशिकाको समेत प्रयोग भएको पाईंदैन ।
- दुर्गम तथा ग्रामीण क्षेत्रका विद्यालयहरूमा समयमा पाठ्यसामग्री तथा शैक्षिक स्रोत साधनको पहुँचमा कठिनाई भएको पाइन्छ ।
- सैद्धान्तिक आधार अनुसार विषयवस्तुको क्रम सरलबाट जटिल, ज्ञातबाट अज्ञात, प्रत्यक्षबाट अप्रत्यक्ष, सामान्यबाट विशिष्ट हुनुपर्नेमा कतिपय विषयवस्तुको विन्यासक्रम मिलेको देखिँदैन ।

### ४.२.३ शिक्षण प्रक्रिया

- दुवै पाठ्यक्रमले शिक्षण प्रक्रियाको उल्लेख गरेको भए पनि शिक्षण प्रक्रियाको प्रभावकारिता दक्ष शिक्षकको कुशलतामा निर्भर हुन्छ । तर अधिकांश विद्यालयमा दक्ष शिक्षकको आपूर्ति हुन सकेको देखिँदैन ।
- अधिकांश सामुदायिक विद्यालयमा राजनैतिक पहुँच र प्रभावका आधारमा शिक्षक नियुक्ति हुने चलन छ । शिक्षक सेवा आयोगको भूमिका सक्षम, सबल र निष्पक्ष छैन ।

- भाषा शिक्षणमा सुनाइ र बोलाइको मुख्य भूमिका रहेको हुन्छ । तर, धेरै विद्यालयहरूमा सुनाइ र बोलाइको वास्ता नगरी धेरै मात्रामा पढाइ र लेखाइलाई महŒव दिएको पाइन्छ । त्यसर्थ, पाठयक्रमले निर्देश गरे अनुसारको शिक्षण प्रक्रिया भएको पाइँदैन ।
- पाठ्यक्रमले आगमनात्मक विधिबाट शिक्षण गर्न जोड दिएको भए पनि अझसम्म पनि निगमन्यत्मक पाराले जटिल रूपामा सैद्धान्तिक पठनपाठनमा जोड दिएको पाइन्छ ।
- भाषाशिक्षणमा सृजनात्मक तथा उत्पादनात्मक प्रवृत्तितर्फ नभई कण्ठस्थीकरणमा जोड दिइएको पाइन्छ ।
- विद्यार्थी केन्द्रित विधि र क्रियाकलापलाई वेवास्ता गरी शिक्षककेन्द्रित व्याख्यान र प्रवचन विधिलाई प्रोत्साहन दिने गरिएको छ ।
- विद्यार्थीका सिकाइगत मनोवैज्ञानिक प्रवृत्तिहरूलाई ख्याल गरेको पाईदैन ।
- दुवै तहका पाठ्यक्रममा प्रथम भाषा र दोस्रो भाषा पढ्ने विद्यार्थीका लागि समान पाठ्यसाग्री र समान शिक्षण विधिको उपयोग गर्ने गरिएको छ ।
- कक्षा कार्यकलाप र भाषिक सहकार्यकलापहरूको बेवास्ता गरिएको छ ।
- शिक्षणमा पूरक सामग्री तथा शिक्षण सामग्रीको प्रयोग शून्य प्रायः रहेको देखिन्छ ।
- भाषाको प्रयोजनपरक विविधता र आवश्यकतालाई बेवास्ता गरिएको छ ।

## ४.२.४ मूल्याङ्कन प्रक्रिया

- जीवन्त शिक्षणसिकाइको लागि अनौपचारिक र निर्माणात्मक मूल्याकनको आवश्यकता पर्छ तर अनौपचारिक मूल्याङ्कनभन्दा औपचारिक र निर्णयात्मक मूल्याङ्कनलाई नै दुवै पाठ्यक्रमले बढी जोड दिएको देखिन्छ ।

- दुवै तहको भाषा पाठ्यक्रमले विषयवस्तुकेन्द्रित मूल्याङ्कन प्रणालीलाई नै जोड दिन खोजेको देखिन्छ ।
- शिक्षण क्रियाकलापमा भाषिक सीप शिक्षणलाई साहित्य शिक्षणको पर्याय ठानेर साहित्यिक विषयवस्तुतर्फ केन्द्रित गराउन खोजिएको पाइन्छ ।
- परीक्षण र अङ्कन प्रणालीमा पनि भाषिक पक्षलाई भन्दा वैषयिक पक्षलाई बढी महŒव दिएर अङ्कन गर्ने परिपाटी विद्यमान छ ।
- दुवै पाठ्यक्रममा बस्तुगत मूल्याङ्कन प्रणालीको उपयोग ज्यादै न्युन हुने भएको पाइन्छ ।
- दुवै पाठयक्रममा कक्षोन्नतिका लागि निरन्तर मूल्याङ्कन पद्धतिको उपयोग भएको पाइँदैन ।
- दुवै भाषा पाठ्यक्रमले मौखिक भाषा सिकाइको मूल्याङ्कनलाई बेवास्ता गरी लिखित र व्याकरण पक्षलाई बढी जोड दिएको छ ।
- दुवै पाठ्यक्रमले मूल्याङ्कन अभिलेख तथा सचित अभिलेख जस्ता महŒवपूर्ण अभिलेखहरू राख्ने कुरालाई बेवास्ता गरेको देखिन्छ ।
- दुवै पाठ्यक्रमले प्रयोगात्मक परीक्षाद्वारा मूल्याङ्कन गर्ने परिपाटी अँगालेको पाईँदैन ।

## ४.२ सुझावहरू :

माध्यमिक तथा उच्च माध्यमिक तहको अनिवार्य नेपाली भाषा पाठ्यक्रमको अध्ययनबाट माथि उल्लेखित सबल पक्ष र दुर्बल पक्षलाई औंल्याई सुधारको लागि केही सुझाब दिने प्रयास गरिएको छ । हुनत पूर्ण रूपमा सफल र सबल पक्षमात्र भएको कुनै कुरा हुँदैन । माथि उल्लेखित कमी कमजोरीलाई न्युनीकरण गर्दै लैजान सके यस तहका भाषा

पाठ्यक्रममा सुधार हुने कुरालाई नकार्न सकिँदैन । उक्त दुर्बल पक्ष एवं कमी कमजोरीलाई हटाउन निम्नानुसारका सुधारहरू गरिनु आवश्यक देखिन्छ :

- दुवै तहको पाठ्यक्रममा उल्लेखित उद्देश्यहरू, विषयवस्तु, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियालाई अन्तरसम्बन्धित र एक अर्काको परिपूरकको रूपमा लगिनुपर्छ ।
- ठूलाठूला र धेरै उद्देश्यहरूभन्दा पनि सरल, व्यावहारिक, मापनीय र प्राप्त गर्न सक्ने खालका उद्देश्यहरूको छनोट गरिनुपर्छ ।
- उद्देश्य पूरा गर्न आवश्यक आर्थिक, भौतिक, मानवीय र प्राविधिक स्रोत साधनको पहुँच सुनिश्चित गरिनुपर्छ ।
- उच्च माध्यमिक तहको भाषा पाठ्यक्रमका उद्देश्यहरूलाई पनि भाषिक सीपसँग सम्बद्ध गराएर सुनाइ, बोलाइ, पढाइ र लेखाइका लागि छुट्टाछुट्टै उद्देश्य निर्धारण गर्दा राम्रो हुन्छ ।
- भाषिक सीप र पाठ्यवस्तु निर्धारण गर्दा भाषिक पृष्ठभूमिको ख्याल गरिनुपर्छ ।
- पाठ्यक्रम निर्माण गर्दा विद्यार्थीका भाषिक आवश्यकता र कठिनाइ क्षेत्रमा ध्यान दिनुपर्छ ।
- उपयुक्त किसिमले विषयवस्तु छनोट र स्तरणमा ध्यान दिनुपर्छ ।
- स्थानीय परिवेशको पर्याप्त उपयोग हुने गरी शिक्षण विधिको निर्धारण गरिनुपर्छ ।
- परिवर्तित सन्दर्भ अनुसार अग्रगामी, समावेशी र परिवर्तन झल्किने विषयवस्तुको छनोट गर्नुपर्छ ।
- दुवै पाठयक्रममा दलित, जनजाति, आदिवासी, मुस्लिम, मधेसी एवम् दुर्गम तथा पिछडिएका वर्गलाई सशक्तीकरण गर्ने खालका विषयवस्तु समावेश गरिनुपर्छ ।
- कुनै समुदायका विद्यार्थीको धार्मिक तथा सांस्कृतिक आस्थामा असर पर्ने खालका विषयवस्तु पाठ्यक्रममा समावेश नगरी धार्मिक सहिष्णुता बढाउने विषयवस्तु समावेश गर्नुपर्छ ।

- सबै ठाउँका विद्यार्थीलाई समयमा शैक्षिक सामग्रीको पहुँच सुनिश्चित गर्नुपर्छ ।
- भाषाका सीप तथा कला पक्षलाई ख्याल गरी शिक्षण गर्ने परिपाटी बसाल्नुपर्छ ।
- व्याकरण र भाषालाई सँगसँगै सिकाउने खालका पाठहरूको व्यवस्था गर्नुपर्छ ।
- अभ्यासात्मक कार्यकलापलाई प्रशस्त मात्रामा समावेश गरी अभ्यासात्मक अवसरहरू प्रदान गर्नुपर्छ ।
- पाठ्यपुस्तकमा प्रशस्त दृथ्यात्मक सामग्रीहरू समावेश गरी तयार गर्नुपर्छ ।
- व्याकरणानुवाद, प्रत्यक्ष, श्रुतिभाषिक, संज्ञानात्मक, संरचनासन्दर्भ प्रकार्यमूलक, सम्प्रेषणात्मक, आगमनात्मक आदि विधि र पद्धतिहरूको अवलम्बन गरेर दोस्रो भाषाशिक्षणको लागि पनि उपयुक्त अवसर निर्माण गर्नुपर्छ ।
- मातृभाषाबाट हुने हस्तक्षेपको निराकरण गर्दै भाषिक वातावरण तयार गरेर शिक्षण गर्ने व्यवस्था गरिनुपर्छ ।
- भाषाशिक्षणमा कण्ठस्थीकरणलाई भन्दा सिर्जनात्मक र उत्पादनात्मक पक्षलाई बढि जोड दिइनुपर्छ ।
- शिक्षक केन्द्रित भन्दा विद्यार्थीकेन्द्रित विधिलाई प्रोत्साहन गरिनुपर्छ ।
- कक्षा कार्यकलाप तथा भाषिक सहक्रियाकलापलाई जोड दिइनुपर्छ ।
- भाषाका प्रयोजनपरक विविधता र आवश्यकतालाई ख्याल गरेर शिक्षण गरिनुपर्छ ।
- अनौपचारिक तथा निरन्तर मूल्याङ्कन पद्धतिलाई पनि कक्षोन्नतिको आधार बनाउनु पर्छ ।
- परीक्षा तथा अङ्कन प्रणालीमा वैषयिक पक्षलाई भन्दा भाषिक पक्षलाई प्राथमिकता दिनु पर्छ ।
- मूल्याङ्कनलाई विश्वसनीय बनाउन वस्तुगत मूल्याङ्कन प्रणालीमा जोड दिनुपर्छ ।
- समयसमयमा भाषा शिक्षण विषयक शिक्षक तालिम तथा प्रशिक्षणको व्यवस्था गरिनुपर्छ ।

- भाषा पाठ्यक्रममा पनि प्रयोगात्मक परीक्षाद्वारा मूल्याङ्कन गर्ने पद्धतिको थालनी भए राम्रो हुन्छ ।

## ४.४ शोधपत्रको शैक्षणिक प्रयोजन :

- यस कार्यले दुईवटा भाषा पाठ्यक्रमको मूल्याङ्कन, विश्लेषण र तुलनात्मक अध्ययन गर्न सहयोग पुऱ्याउने छ ।
- यस शोधकार्यले भाषा पाठ्यक्रमलाई समयसापेक्ष, उपयोगी एवम् व्यवहारमूलक बनाउन सहयोग गर्नेछ ।
- यसले पाठ्यक्रम निर्माण र यसको उद्देश्य निर्माणमा सहयोग गर्नेछ ।
- यसले माध्यमिक तथा उच्च माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रममा समाविष्ट विषयवस्तुको जानकारीका लागि सहयोग गर्नेछ ।
- यस कार्यले शैक्षिक योजना निर्माण गर्न सहयोग गर्नेछ ।
- यस शोधकार्यबाट भाषिक सीपको शिक्षणमा रुचि र अभिप्रेरणा जगाउन मद्दत मिल्नेछ ।
- यस शोधकार्यबाट पाठ्यपुस्तक र सन्दर्भ सामग्री निर्माण गर्न सहयोग मिल्नेछ ।
- यस शोध कार्यले माध्यमिक तथा उच्च माध्यमिक तहका नेपाली भाषा पाठ्यक्रमको सुधार गर्न सघाउ पुग्नेछ ।
- यो शोधपत्र परीक्षा र मूल्याङ्कनमा सुधार ल्याउन सहयोगी हुनेछ ।
- यस कार्यले भाषा पाठ्यक्रम र अन्य विषयका पाठ्यक्रमबीच तुलनात्मक अध्ययन गर्न सहयोग पुग्नेछ ।
- यस शोधपत्रले विषयवस्तुको छनोट र स्तरण गर्न सहयोग पुग्नेछ ।
- यो शोधपत्रले शिक्षण विधि र प्रक्रियाको छनोट गर्न सघाउ पुग्नेछ ।

## ४.५. भावी अनुसन्धानका लागि सम्भावित विषयहरू :

- माध्यमिक तहको भाषाशिक्षणमा शिक्षण निर्देशिकाको प्रयोग, एक अध्ययन,
- माध्यमिक तथा उच्च माध्यमिक तहमा शिक्षण सामग्रीको उपलब्धता सम्बन्धी अध्ययन,
- माध्यमिक तथा उच्च माध्यमिक तहका पाठ्यपुस्तकमा समाविष्ट साहित्यिक विधाहरूको तुलनात्मक अध्ययन,
- माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०६४ : एक अध्ययन,
- उच्च माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम : २०६२ एक अध्ययन,
- माध्यमिक तथा उच्च माध्यमिक तहका नेपाली भाषा पाठ्यक्रमहरूको तुलनात्मक अध्ययन,
- नि.मा.वि. तथा मा.वि. तहका भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन,
- शिक्षण सिकाइमा शिक्षण विधि र प्रक्रियाको विश्लेषणात्मक अध्ययन ।

# सन्दर्भग्रन्थसूची


- अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०६४), **प्रारम्भिक नेपाली शिक्षण,** विद्यार्थी पुस्तक भण्डार (चौथो सं.) ।
- अधिकारी, हेमाङ्गराज र बद्रीविलास भट्टराई (२०६३), **प्रयोगात्मक नेपाली शब्दकोश,** विद्यार्थी प्रकाशन प्रा.लि., काठमाडौं (दोस्रो सं.) ।

- अधिकारी, हेमाङ्गराज (२०६३), **भाषा शिक्षण : केही परिप्रेक्ष्य र पद्धति,** विद्यार्थी पुस्तक भण्डा, काठमाडौं (दो.सं.) ।
- आचार्य, माधवप्रसाद र रामप्रसाद गौतम (२०६५), **सामाजिक भाषाविज्ञान तथा मनोभाषाविज्ञान,** काठमाडौं : दीक्षान्त प्रकाशन ।
- ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५६), **भाषा पाठ्ययुस्तक तथा शिक्षण पद्धति,** काठमाडौं : एम.के.पब्लिसर्स एन्ड डिस्टिव्युटर्स, भोटाहिटी ।
- पौडेल, हेमनाथ (२०६६), **अनिवार्य नेपाली,** कक्षा-११, पैरवी प्रकाशन, काठमाण्डौ ।
- बन्धु, चुडामणि (२०५२), **अनुसन्धान प्रतिवेदन लेखन,** रत्न पुस्तक भण्डार, काठमाडौ ।
- बराल, कृष्णहरि र नेत्र एटम (२०६३), **माध्यमिक नेपाली व्याकरण**, अभिव्यक्ति र अभ्यास, तलेजु प्रकाशन ।
- भट्टराई, रामप्रसाद (२०६५), **भाषिक अनुसन्धान विधि,** शुभकामना प्रकाशन, ताहाचल काठमाडौं ।
- भण्डारी, पारसमणि (२०६३), **स्नातकोत्तर नेपाली शोध विवरण,** न्यु हिरा बुक्स इन्टरप्राइजेज (प्रथम सं.) ।
- लामिछाने, यादवप्रकाश (२०६२), **नेपाली भाषा शिक्षण परिचय,** विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौं चौथो सं.) ।
- शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), **नेपाली भाषा र साहित्य शिक्षण,** न्यु हिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपुर, काठमाडौं ।
- शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०५५), **शोधविधि,** साझा प्रकाश, काठमाडौं (दोस्रो सं.) ।
- ज्ञवाली, रामप्रसाद र रमेशप्रसाद भट्टराई (२०६४), **अनिवार्य नेपाली** (१०२), भुँडीपुराण प्रकाशन, बागबजार, काठमाडौं ।
- .........(२०६५), शिक्षण निर्देशिका, **अनिवार्य नेपाली**, कक्षा-११, उच्च माध्यमिक शिक्षा परिषद् ।
- .........(२०५५), माध्यमिक शिक्षा पाठ्यक्रम, शिक्षा मन्त्रालय ।
- .........(२०६५), माध्यमिक शिक्षा पाठ्यक्रम, शिक्षा मन्त्रालय ।

## शोधपत्र-सूची


- कोइराला, पुष्पा (२०५९), **"कक्षा ६ को हाम्रो नेपाली किताबको विश्लेषणात्मक अध्ययन"**, एम.एड. शोधविधि, कीर्तिपुर ।
- खनाल, गिता (२०६३), **"प्राथमिक तहका नेपाली भाषा पाठ्यक्रम २०२८ र २०६० को तुलनात्मक अध्ययन",** एम.एड.शोधविधि, त्रि.वि.,कीर्तिपुर ।
- खनाल, रामचन्द्र (२०५७), **"कक्षा ९ को नेपाली पाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन",** एम.एड. शोधविधि, कीर्तिपुर ।
- गौतम, रमनकुमार (२०६६), **"प्राथमिक तह (कक्षा ५) मा शिक्षक निर्देशिकाको प्रयोग र प्रभावकारिता सम्बन्धी अध्ययन",** एम.एड. शोधविधि, कीर्तिपुर ।
- थापा, नारदकुमार (२०६१),**"माध्यमिक तहका नेपाली भाषा पाठ्यक्रम २०५८ र २०५५ को तुलनात्मक अध्ययन",** एम.एड. शोधविधि, कीर्तिपुर ।
- पाण्डे, शिवबहादुर (२०५४), **"कक्षा-१० को नेपाली भाषापाठ्यपुस्तकको विश्लेषणात्मक अध्ययन",** एम.एड. शोधविधि, कीर्तिपुर ।
- भट्टराई, इलोमा (२०५८), "कक्षा ७ को नयाँ पाठ्यक्रम अनुसारका नेपाली भाषापाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन," एम.एड. शोधविधि, कीर्तिपुर ।


## व्यक्तिगत विवरण



नाम : अनिरुद्र धमला

जन्मस्थान : कटुन्जे -७, ओखलढुङ्गा

बाबुको नाम : शिवलाल धमला

आमाको नाम : जयन्ता धमला

सेवा : नोकरी (शाखा अधिकृत, उच्च माध्यमिक शिक्षा परिषद्)

भाषा : नेपाली

धर्म : हिन्दू

रुचि : समाजसेवा, अध्ययन, राजनीति

फोन नं. : ९८४५२९३३४१, ९८४१४३४१०८

**शैक्षिक योग्यता :**

| क.स | तह | शैक्षिक संस्था | मूल विषय | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|---|---|
| ज्ञ | एस.एल.सी | नेपाल बोर्ड | शिक्षा,ज्योतिष | द्दण्द्ध्ढ | दोश्रो |
| द्द | आइ.ए. | त्रि.वि.वि. | अर्थशास्त्र, राजनीतिशास्त्र, जनसङ्ख्या | द्दण्छद्द | उत्तीर्ण |
| घ | वी.एड् | त्रि.वि.वि. | नेपाली, अङ्ग्रेजी | द्दण्छछ | दोस्रो |
| द्ध | एम्.एड्. | त्रि.वि.वि. | नेपाली | द्दण्टट | प्रथम |